पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : २८ २०६९ फागुन ११ गते शुक्रबार (Feb 22, 2013) मूल्य रू. ७/-

## पूर्व राजतन्त्रलाई अर्को झट्का

काठमाडौं । पराश शाह पूर्वयुवराज हुन् । उनलाई हृदयघात भएको छ र उनी समिति भेज अस्पताल बैंककमा उपचार गराइरहेका छन् । समाचार अनुसार गत मंगलबार हृदयघात भएर ढलेपछि उनलाई थाइ मित्र कन्निका चाइसानले अस्पताल पुऱ्याएकी थिईन । अस्पतालले सवालाख भाट घरौटी माग गर्दा बुझाउन नसक्ने पूर्वयुवराजको केही घण्टा उपचार हुन सकेन । पछि एक नेपाली एनआरएनले ग्यारेन्टी बसेपछि आईसियू र पछि सीसीयूबाट उचपार थालिएको छ ।

पारस शाह थाइल्याण्ड बस्दै आएका छन् । उनका परिवारजन नेपालमा छन् र बिहीबार पूर्वयुवराज्ञी हिमानी थाइल्याण्ड गएकी छन् । पारस शाहलाई यसअघि २०६४ सालमा पनि हर्टएटेक भएको थियो । त्यतिबेला नर्भिक अस्पतालमा (बाँकी अन्तिम पेजमा)

# कमिशनका लागि दूतावास बिक्रीमा

काठमाडौं । सात वर्षे लोकतन्त्रमा 'भाग शान्ति जय नेपाल' धेरै देखियो । यसैको अर्को श्रृंखला देखिनेवाला छ, जर्मनी र बेलायतस्थिति दूतावास भवन विक्री गरेर कमिशन कुम्ल्याउने ।

राजनीतिक दलहरू किन सत्तालम्पट भइरहेका छन् भन्ने जान्नका लागि ट्रान्सपरेन्सी इन्टरनेशनलको रिपोर्ट पढे स्पष्ट हुन्छ । यो रिपोर्टमा नेपाल अत्यन्तै भ्रष्टाचार हुने मुलुक हो भनिएको छ । भ्रष्टाचार गर्ने र भाग शान्ति गरेर खाने नेपाल नेताहरूको 'दुर्व्यशन' नै भइसक्यो । लत लागेपछि छाड्न सकिन्न । नेपाली नेताहरूका लागि भ्रष्टाचार, कमिशन, स्वार्थ ड्रगिस्टका लागि लागूपदार्थ जस्तै हो ।

कमिशनको मेसो मिलाउन







जर्मनका राजदूत सुरेश प्रधान, बेलायतका लागि राजदूत सुरेश चालिसे, बेल्जियमका राजदूत राममणि पोखरेल र अर्थ, परराष्ट्र, कानुन, महालेखा, प्रधानमन्त्री कार्यालयका सहसचिवहरू भएको एउटा मूल्यांकन समिति बनाइएको छ । यही समितिको सुझावका आधारमा अरबौं मूल्यको जर्मनी र बेलायतस्थित नेपाली दूतावासको सम्पत्ति विक्री गर्ने निर्णय हुन लागेको छ । यो 'डिल' मा शीर्ष दलहरूको बराबर भाग -कमिशन) लाग्ने स्रोतको दाबी छ ।

परराष्ट्र स्रोत भन्छ, बाहिर बाहिर देखाउनका लागि बेच्न लागेको होइन भन्ने प्रचार गरिएको छ । यथार्थमा दलालहरू नेपाल सरकारका प्रतिनिधि

(बाँकी अन्तिम पेजमा)

## कार्यकारी अधिकृत नै हिसिलाका सेवक ?

अभियान संवाददाता

काठमाडौं । एकीकृत नेकपा माओवादीकी केन्द्रिय सदस्य एवं बाबुराम भट्टराई पत्नी हिसिला यमीले काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत केदानबहादुर अधिकारीलाई ठाडो आदेश दिएर बालाजु बाइसधारा उद्यान क्षेत्रभित्रको जग्गाबाट बाटो खोल्न लगाएकी छिन् । गत शनिवार अधिकारी स्वयम् उपस्थित भएर उद्यान क्षेत्र भित्रबाट बाटो खोल्न लगाएका थिए । हिसिला यमीका निर्वाचन क्षेत्र पनि त्यही पर्ने भएको आफ्नो निर्वाचन



क्षेत्रबाट बाटो विस्तारको क्रममा विस्थापित क्षेत्रका बासिन्दाहरूको घर जोगाउनकै लागि यमीले उद्यान क्षेत्रबाट खोल्न लगाएकी हुन् । यस अघि पनि नेतृ यमीले बाटो विस्तारको क्रममा विस्थापित भएकाहरूलाई नक्कली सुकम्बासी बनाएर उद्यानलाई तिनै विस्थापितहरू (जो नक्कली हुन्) लाई ठेक्का दिने निर्णय गराएकी थिईन ।

गत भाद्र महिनामा मुख्य सचिव लिलामणि पौडेललाई बाटो विस्तारका क्रममा विस्थापित भएकाहरूलाई

(बाँकी अन्तिम पेजमा)

## भट्टराई सरकारद्वारा राज्यकोष माथि नाङो हस्तक्षेप

अभियान संवाददाता

काठमाडौं । काम चलाउ प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले आउँदो संविधानसभाको निर्वाचनलाई प्रभावित गर्नैका लागि जाँदा जाादै थुप्रै गैरकानुनी निर्णय गरेर नयाँ इतिहास कामय गरेको छ । एकातिर दलहरू राष्ट्रिय सहमतिको सरकार निर्माण नें क्रममा व्यस्त रहेका बेला भट्टराई सरकारले भने नेपाली सेनाले हेलिकप्टर किन माग गरेको दुई अर्ब ५० करोड रूपैयाँ भन्दा ५० करोड थप गरेर ३ अर्ब रूपैयाँ दिने निर्णय गत शुक्रबार बसेको



(बाँकी अन्तिम पेजमा)

## उपसचिवले झाँको झारे



काठमाडौं । उपसचिव स्तरका भारतीय राजदूत जयन्तप्रसाद शीतल निवास पुग्दा शीर्ष चार दलका नेतासँग वार्ता गरिरहेका राष्ट्रपति उठेर स्वागत गर्दै अर्को कोठामा लगे । ४५ मिनेट कुरा गरेर फर्कने बेलामा राजदूतले दह्रो मुट्ठी कसेर शीर्ष चार दलका नेतासँग हात मिलाए, खिस्स हाँसे र फर्किए । यसपछि प्रधानन्यायाधीश हुँदै हुन्न भन्ने नेपाली कांग्रेस र एमालेको श्वर सुक्यो । प्रचण्ड राजनीतिक बाघ बने । राजनीतिभित्रको (बाँकी अन्तिम पेजमा)

## लोकनेताका हरिया दाँत

काठमाडौं । खिस्स बुढी हरिया दाँत । यो नेपाली उखान हो । यो उखान जस्तै देखियो- नेताहरूको नालायकी । ७ वर्ष गणतान्त्रिक लोकतन्त्र हाँकेका नेतामा एकजना पनि चुनावी सरकारको नेतृत्व गर्न लायक रहेनछन् ? कस्ता नेताको भर गरेर जनताले संविधानसभाको चुनाव जिताएका रहेछन् ? भनिन्छ बोकाबाट दाइँ हुने भए गोरू किन चाहियो ? नेपाली राजनीतिमा बोकाको भीड रहेछ ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी भेडी गोठ भन्थे, गणेशमान सिंह भेडाको बथान भन्थे, नेताहरू लुटेर खान, (बाँकी अन्तिम पेजमा)

## यस्तो हुनुमा यो पनि एउटा कारण हो कि ?

शाश्वत शर्मा

कतिपय विश्लेषकहरू यो मुलुक पुरै 'एमाओवादीमय' भएको कुरामा विश्वस्त देखिन्छन् । तिनको विचारमा राष्ट्राध्यक्षको पदमा (राष्ट्रपति) कुनै राष्ट्रियस्तरको प्रभावशाली नेता आसिन नभएर कांग्रेसको 'सी ग्रेड' स्तरका नेता हुनुले पनि एमाओवादीलाई 'खेल्न' अझ सजिलो भएको हो । राजनीतिमा पनि अन्य क्षेत्र झैं व्यक्तित्वको ठूलो महत्व हुन्छ । झन राष्ट्राध्यक्ष भई टोपलिएका व्यक्ति स्वयंले 'म त... चराउने हुँ' वा 'म गोठालो नै हुँ' भन्ने जस्ता सार्वजनिक अभिव्यक्ति दिएर आफ्नोलगायत उक्त पदको गरिमा नै घटाउने खालको काम गरेपछि सधैं अवसरको ताकमा रहने एमाओवादीको 'आँट' अझ बढेर आएको हो भन्ने विचार तिनको छ ।

हेरौं त !! संविधानबाट बाहिर गएर समेत आज प्रधानमन्त्री बनाइँदैछ । तर संविधानको पालक भनेर आफूलाई दाबी गर्ने ती राष्ट्रपति एमाओवादीको प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने प्रस्तावमा पनि ल्याप्चे ठोक्न तयार छन् । अरूको त कुरै छोडौं सहमतिको आधारमा सरकारको नेतृत्व पाउनु पर्ने सुशील कोइराला र तिनको नेपाली कांग्रेसले विरोधको स्वर निकालेता पनि अन्ततः एमाओवादीको प्रस्तावमा जान विवश भएका छन् । त्यस्तै गरेर उता



एमालेभित्र यो विषयमा अझै मारामार छ, तर पनि प्रधानन्यायाधीशलाई चुनावी (मन्त्री) परिषद्को नेतृत्व दिन यो पार्टी पनि अहिले तयार भएको छ । बरू स-साना पार्टीहरू विरोधमा छन् । तर कथित प्रमुख दल भनिएकाहरू खिलराज रेग्मीलाई प्रधानमन्त्री दिन तयार छन् । त्यसो त, भारतीय र युरोपीयनहरूको कुरा मिलिसकेको छ, यहाँका दलहरूले नमानी सुखै छैन, त्यसकारण पनि बाध्य भएर राष्ट्रपतिदेखि लिएर यहाँका

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

सम्पादकीय

# के रेग्मीले असफल मार्ग चुन्लान त ?

*जनताको सेवाका लागि भन्दै गठन भएका र राजनैतिक दलहरुले जनतालाई नै बन्धक बनाएर सत्तामा पुग्ने भऱ्याङमात्र जनतालाई बनाएका हुनाले हाम्रा राजनैतिक दलहरु असफल र असक्षम सावित भएको सत्य वास्तविकता पछिल्लो समयमा प्रष्ट हुँदै गएको छ । त्यसैको परिणाम हो राजनैतिक दलका नेताहरुले अर्को राजनैतिक दलका नेताहरुलाई विश्वास गर्न नसक्नु । राजनीतिलाई विश्वमा नीतिहरु मध्ये उत्कृष्ट नीति स्वीकारिएको छ । दलहरु आ-आफ्ना उद्देश्य र नीति लिएर गठन भएको भएता पनि मुलुकको आवश्यकता र जनताको हितका लागि पार्टीगत स्वार्थबाट माथि उठेर एक दलले अर्को दललाई स्वीकार गर्न सक्नु नै लोकतान्त्रिक व्यवस्थाको उचित मूल्य र मान्यता हो । तर पछिल्लो समयमा हाम्रो राजनैतिक दलहरुमा यति धेरै अविश्वास बढ्यो उनीहरु एकले अर्कोलाई विश्वास गर्न सक्ने अवस्थामै नरहेका हुनाले मुलुक अहिले राजनैतिक र संवैधानिक संकटको भूमरीमा धकेलिएको छ । मुलुकलाई अनिर्णयको बन्दी बनाउने खेलामा हाम्रा राजनैतिक दलहरु जानेर वा नजानेरै भएपनि अगाडि बढेका हुनाले दलिय राजनीति प्रायः समाप्त हुने अवस्थामा दलहरुले नै पुऱ्याएका छन् ।*

*संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो पार्टी भएको एकीकृत नेकपा माओवादीका हठ र घमण्डले गर्दा एक दलले अर्को दललाई स्वीकार गर्न नसकेकै कारण अहिले मुलुकका तिन ठूला दल र मधेशवादी दलहरुको संयुक्त मोर्चा (केही दलहरुलाई छाडेर) को सहयोग र समर्थनमा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकारको नेतृत्व सुम्पन उनीहरु तयार देखिनु भनेको लोकतान्त्रिक व्यवस्थाका लागि खतरानाक संकेत हो । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरुमा कार्यकारी अधिकार भएको प्रधानमन्त्री तथा सर्वोच्च अदालतको प्रधानन्यायाधीश एउटै व्यक्ति भएको इतिहास छैन । हाम्रा राजनैतिक दलका नेताहरुले उदाहारण दिने गरेको बंगलादेशमा एक समय प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन भएर त्यसले निर्वाचन गराएको थियो । त्यसबेला त्यहाँ शक्तिपृथकीकरणको सिद्धान्तलाई त्यहाँका राष्ट्रपतिले ब्यालेन्स गरेका थिए । त्यहाँ नेपालको जस्तो संवैधानिक राष्ट्रपति नभएर अधिकार प्राप्त राष्ट्रपति भएको हुनाले बंगलादेशमा त्यो सम्भव भएको थियो । पछिल्लो समय त्यो व्यवस्थालाई त्यहाँ खारेज गरिसकिएको छ । अहिले आएर हाम्रा राजनैतिक दलका नेताहरुले बंगलादेशको उदाहरण दिँदै प्रधानन्यायधीशको नेतृत्वमा सरकार गठन गर्ने प्रयास गरेर त्यसै अनुसार अगाडि बढ्नु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो ।*

*सर्वोच्च अदालतका प्रधानन्यायाधीश, सरकारका प्रमुख तीन अंङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका मध्येका न्यायपालिका समेत प्रमुख हुने व्यवस्था संविधानमै व्यवस्था गरिएको हुनाले उनले न्यायपालिका प्रमुख हैसियतामा न्यायपालिकाको नेतृत्व गरी रहेकै अवस्थामा कार्यकालिकाको प्रमुख बनाउन खोज्नु लोकतान्त्रिक व्यवस्थाको खिल्ली उडाउनु बाहेक अन्य केही हुन सक्दैन । त्यसै हुनाले नेपालका स-साना दलहरु लगायत सर्वोच्चको बार एशोसिएसन समेतले प्रधानन्यायाधीश रेग्मीलाई संविधानको उल्लंघन गर्दै सरकार प्रमुख नहुन विनम्र अनुरोध गरिसकेको छ । यदि त्यसो नभए विरोधमा उत्रन सक्ने चेतावनी दिइसकेका छन् । त्यसैहुनाले पनि रेग्मीले सरकारको नेतृत्व अस्वीकार गरी संविधानको रक्षाको लागि उभिनु स्वयंको हितमा हुनेछ भन्ने हामीले ठानेका छौं ।*

# विदेशीको दबाबमा दलहरू

***देवेन्द्र चुडाल***

इतिहासले राखेको गौरवलाई राजनीतिक दलका प्रमुख नेताहरूले भसलेकै कारण अहिले हाम्रा राजनीतिक दलहरू असफलताको मार्ग तर्फ उन्मूख भएको प्रमाणित हुँदै गएको छ । नेपली जनताले दुई वर्षको म्यान्डेट दिएर संविधानसभाको निर्वाचन मार्फत् संविधान निर्माण गर्न पठाएका जनप्रतिनिधिहरूले जनताको म्याण्डेटलाई उलंघन गर्दैपटक पटक पटक गरेर संविधानसभाको म्याद चार वर्षसम्म पुऱ्याए पनि अउनीहरू संविधान निर्माण गर्न मात्र असफल भएनन्, अन्त्यमा संविधानसभाको बध नै गरिदिए । संविधानसभाको बध भएको झण्डै ९ महिनासम्ममा पनि राजनीतिक दलहरूले सहमति गरी राजनीतिक दलका नेताको नेतृत्वमा सहमतीय सरकार निर्माण गर्न नसक्नु भनेको दलहरूको असफलता र अकर्मण्यता नै हो । नेपालको अन्तरिम संविधानले संविधानसभाका पुनः निर्वाचनको परिकल्पना नै गरेको छैन । संविधानले परिकल्पना नै नगरेको विषयमा अहिले बहस गर्नु र छलफल गर्नु नै दलहरूका लागि लज्जाको विषय बन्नु पर्थ्यो । तर दलका शीर्ष नेताहरूमा त्यस्तो हिनता र लज्जा नदेखिनु सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताका लागि दुर्भाग्यको विषय हो । बध भएको संविधानसभाको निर्वाचनका लागि सबैभन्दा ठूलो पार्टी भएको एकीकृत नेकपा माओवादीले अन्य दलहरूलाई सहमतिमा लिएर अगाडि बढ्नु ब दला अन्य दलहरूसँग सर्त राखेर अगाडि बढेको हुनाले मुलुक अहिलेको संकटपूर्ण अवस्थामा पुगेको छ । नेपालके इतिहासमै नेपाल अहिलेको जस्तो संकटपूर्ण अवस्थामा कहिल्यै पुगेको थिएन । पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षाले गर्दा मुलुकलाई अनिर्णयको बन्दी अधिकार कुनैपनि राजनीतिक दलहरूलाई छैन । जनताको सेवाका लागि गठन भएको दाबी गर्ने दलहरूले जनताको सेवाभन्दा जनतालाई सत्तामा पुग्ने भऱ्याङ मात्र बनाएका हुनाले अहिले मुलुकमा राजनीतिक संकट देखिएको हो ।

नेपाली कांग्रेस कम्युनिष्ट पार्टीहरू र तत्कालिन राजको सहमतिमा बनाएको नेपालको संविधान २०४७ लाई संविधान बनाउने दलहरूले नै रद्दीको टोकरीमा फालिएका थिए । २०४७ सलाको संविधानका निर्माताहरूले तत्कालिन समयमा विश्वकै उत्कृष्ट संविधान बनायौँ भनेर ठूला ठूला डंक पिटेको नेपाली जनतालाई राम्रै थाहा भएको विषय हो । आफैँले बनाएको संविधान रक्षा गर्न नसकेका नेपाली कांग्रेस र तत्कालिन कम्युनिष्ट पार्टी नेकपा एमाले पछिल्लो समयमा उनीहरू आफैले बनाएको नेपालको अन्तरिम संविधानको रक्षा गर्नुको बदला अहिले त्यही संविधानलाई मिचेर अगाडि बढ्ने प्रयास गरिरहेका छन् । त्यतिमात्र होइन संविधानसभाको माग गर्दै दश वर्ष जनयुद्ध गरेर झण्डै १७ हजार निर्दोष नेपाली जनताको हत्या गरेर २०६२/०६३ मा शान्ति मार्गमा आएको घोषणा गर्ने तत्कालिन माओवादी (हालको एकीकृत नेकपा माओवादी) ले किन संविधान उल्लंघनको बाटो रोज्यो ? त्यो नै रहस्यको विषय भनेको छ । आफूले माग गरेको संविधानसभाको बध समेत गर्न किन एमाओवादी पछि परेन ? के आफैंले जन्माएको सन्ताको हत्या गर्नु राजनैतिक अपराध होइन र ? एकीकृत नेकपा माओवादीले हालै हेटौंडामा सम्पन्न गरेको आफ्नो सातौं महाधिवशेनमा अध्यक्ष पुष्पकमल दाहालले आफ्नो अधिवेशनले राजनैतिक संकटबाट मुलुकलाई मुक्त गर्न अचुक अस्त्र पत्तालगाउने दाबी गर्दै महाधिवेशनबाटै बहालवाला प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार निर्माण गर्ने प्रस्ताव महाधिवेशनबाटै पारित गराएर अन्य दलहरूलाई आफ्नै वरिपरी घुमाउन सफल भए । दाहालको प्रस्तावलाई अधिकांश पार्टीहरूले विरोध गरेपनि नेपाली कांग्रेस, नेकपा एमालेलगायतका केही दलका केही शीर्ष नेताहरूले समर्थन गरेपनि कांग्रेस र एमालेभित्र सर्वसम्मत निर्णय हुन सकेन । उक्त पार्टीका केन्द्रिय सदस्यहरू अहिले पनि प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकार प्रमुख बनाउन नहुने पक्षमा आफ्नो अभिव्यक्ति दिइरहेका हुनाले प्रमाणित हुन्छ, कांग्रेस र एमालेका शीर्ष नेताहरू विदेशीको इशारामा नाच्न बाध्य भए । कांग्रेस सभापति सुशील कोइरालाले त नेता र पार्टी कार्यकताहरूसँग मुखै खोलेर उद्घोष गरेर स्वेदशी र विदेशीहरूको दबाब थेग्न सकिनँ, त्यसैकारण रेग्मीलाई समर्थन गर्नु बाहेक हामीसँग अब अर्को विकल्प बाँकी रहेन । त्यसैले प्रमाणित हुन्छ, हाम्रा राजनीतिक दलका नेताहरू विदेशी इशारामा नाचेका छन् र उनीहरूको नीति र निर्देशन अनुसार नै अगाडि बढेका छन् ।

कार्यपालिका र न्यायपालिका एउटै व्यक्तिको हातमा स्वतन्त्र न्यायालय समेत स्वतन्त्र रहन सक्दैन । न्यायालयसमेत स्वतन्त्र नहुने अवस्था सिर्जना भएको अहिलेको अवस्थामा स्वतन्त्र र धाँधलीरहित निर्वाचन हुन्छ भन्ने ग्यारेन्टी कसले दिने ? व्यक्तिलाई स्वेच्छाचारी हुनबाट बाँध्ने विधि के ?व्यक्तिलाई बाँध्ने भनेको विधि र विधानले हो । त्यो विधि र विधान पनि एउटै व्यक्तिको हातमा हुने भएपछि दलहरूको हैसियत के ? दलहरू आफैले बनाएको विधि, विधान र संविधानलाई समेत मिच्न दलहरू तयार भए किन ? दलहरूले विधि र विधान मिच्नु अलोकतान्त्रिक त हुँदे हो यसको दीर्घकालिन असरले गर्दा भविष्यमा दलहरूलाई त्यो नै गलाको पासोको रूपमा नहोला भन्ने ग्यारेन्टी दाहला, कोइराला र झलनाथ खनालले दिन सक्छन् ? अहिलेको जटिल प्रश्न भनेको यही हो । हाम्रो गाउँ घरमा एउटा उखान छ, 'पुल बनाउन नसक्नेले अर्काले बनाएको पुल नबिगार्नु' । अहिले हाम्रा राजनैतिक दलहरू अर्काले बनाएको पुल बिगार्न तम्सिएका छन् । बनाउन नसक्ने व्यक्तिहरूलाई बिगार्ने अधिकार छैन । जालझेल र षड्यन्त्रबाट मुलुकलाई गन्तव्यमा पुऱ्याउन किमार्थ सकिँदैन । एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालले आफ्नो महाधिवेशनबाट पारित गराए दलहरू सक्षम राखिएको खिलराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिने उद्घोष षड्यन्त्रको अर्को जाल मात्र हो । दाहालको भनाईमा दालहरूले अर्को दललाई विश्वास गर्न नसकेको हुनलो सबैले विशवा गर्ने गरेको स्वतन्त्र न्यायालयका प्रधानन्यायाधीश रेग्मीको अध्यक्षतामा चुनावी सरकार गठन गर्ने निर्णय गरिएको हो । तर एमाओवादी र त्यस दलका नेताहरूले अहिलेसम्म स्वतन्त्र न्यायालयलाई विश्वास गरेको गतिलो प्रमाण भेटिएको छैन । यदि उनीहरूले स्वतन्त्र न्यायलयलाई विश्वास गरेका भए त्यही न्यायालयले आफ्नै पार्टीका पूर्वसभासद बालकृष्ण ढुंगेललाई सर्वस्वसहित जन्म कैदको फैला गरेकोमा किन सिंगो पार्टी नै ढुंगेललाई बचाउन लागीपऱ्यो ? के त्यसको जवाफ दाहाल र उनको पार्टीसँग छ ? त्यसैगरी दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्याका सम्बन्धमा सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशका विरद्ध आदेश नै आरेज गर्न स्वयं प्रधानमन्त्री बाबुराम भट्टराई र उनका कानूनी सल्लाहकार एवं महान्यायाधीवक्ताले किन सर्वोच्चमा निवेदन गर्न पुगे । यी सबै तथ्यहरूले प्रमाणित गर्छ, एमाओवादी अब स्वतन्त्र न्यायालयभित्र छिरेर त्यहाँ पनि भाँडभैलो मच्चाउन चाहान्छ । एमाओवादी अहिलेकै अव्स्थामा निर्वाचनमा जान चाहिररहेको छैन । पार्टी विभाजित भएको र भट्टराई नेतृत्वको सरकार जनतासामु नांगिएको हुनाले उ जसरी भएपनि निर्वाचनलाई पछाडि धकेल्न चाहिरकेको छ । अन्य दलहरूले निर्वाचनलाई पहिलो प्राथमिकतामा राखेका हुनाले विभाजनको पीडालाई क मगर्नेका लागि र निर्वाचनमा धाँधली गरी सबैभन्दा ठूलो दल बन्नका लागि प्रधानन्यायाधीशलाई हतियारका रूपमा प्रयोग गर्न मात्र उसले रेग्मीलाई सरकार प्रमुख बनाउन खोजेको प्रष्ट हुन्छ । दलहरूले गर्ने गरेका लंगटो तर्कमा रेग्मी सरकारलाई निर्वाचन परिषद् भन्ने रे, प्रधानमन्त्री नभन्ने रे । अध्यक्ष भन्ने रे, चाहे जे सुकै नाम दिएपनि कार्यकारी प्रमुख बन्ने भएपछि नामले के फरक पऱ्यो त ? दलहरूका यी सबै तर्कहरू अर्थहीन र विश्लेषण गर्न लायक छैनन् । कांग्रेस र एमालेले कै कारण

**बाँकी ५ पेजमा**

# किन लाग्छ राजतन्त्र जिन्दावादको नारा ?



राजन कार्की

मन्दिर गए मन्दिरमै, बाटोमा देखे बाटोमै, दसैको टिका होस् कि असार २३ अथवा फागुन ७ को पूर्वराजा रानीको जन्मोत्सव । जुनसुकै अवसरमा पनि 'राजतन्त्र जिन्दावाद'को नारा घन्किन छाडेको छैन । मुलुकका प्रत्येक विकास क्षेत्रबाट निमन्त्रणा आइरहेका छन्, पूजापाठ र अन्तरक्रियाका लालसा प्रकट भइरहेका छन् र सामुन्नेमा देख्नासाथ आम नागरिक नारा लगाइहाल्छन् : 'राजा आउ देश बचाउ ।' माघ २६ गते राजधानीबाट सडकमार्गबाट महिनादिने बारा बसाईमा हिडेका पूर्वराजालाई बाङभञ्ज्याङ, मलेखु, मुग्लिङ, चितवन, हेटौडा, अमलेखगञ्जदेखि सिमरासम्म आम नागरिकले स्वागत गरेको देखियो । फागुन ४ गते एकाएक सिमरा रंगशालामा सिमरा गोल्डकप फुटबल हेर्न पुगेका पूर्वराजालाई देख्नासाथ युवाहरूले नारा लगाए : 'राजतन्त्र जिन्दावाद ।' फागुन ७ गते पूर्वबडामहारानीको जन्मोत्सवका अवसरमा सिङ्गो बारा, पर्सा, रौतहटका जनता जम्मा भएर नारा लगाए- 'राजतन्त्र जिन्दावाद' । सिमराको त्यो जिन्दावादको आवाज सिंहदरवार, शीतल निवासमात्र होइन, सानेपा, बल्खु र पेरिसडाँडासम्म पनि सुनियो । के हो यो ? किन गणतन्त्र जिन्दावादको नारा देशका कुनै भागमा सुनिन्न । लाग्छ, राजतन्त्र जिवित छ, गणतन्त्र जन्मेकै छैन, गणतन्त्र जनजीवनमा घुल्नै नसकिने रसायन बनेको छ ।

लोकतन्त्र क्षयरोगीझैं टाक्सिदै जाँदो छ । राजतन्त्रको लोकप्रियता घटेको छैन । झापा जोर सिमलका जुत्ताव्यापारीबाट राजनीतिमा गिरिजा कांग्रेसमा प्रवेश गरेका र संविधानसभाको चुनाव हारेका कांग्रेसी कृष्णप्रसाद सिटौलाले संविधानसभामा पेश गरेको प्रस्ताव पास भएर २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन भएको थियो । २ वर्षे जनादेश पाएको त्यो संविधानसभालाई राजनीतिक सहमतिको आडमा ४ वर्ष लम्ब्याए पनि अन्ततोगत्वा अप्राकृतिक भेन्टिलेटरमा संविधानसभा ज्यूँदो रहन सकेन र २०६९ साल जेठ १४ गते राति मृत्युको प्यारो भयो । संविधान दिने प्रमुख कार्य नै गर्न नसकी मरेको संविधानसभासँगै त्यसले गरेका गणतन्त्र र धर्मनिरपेक्षताका घोषणाहरूलगायतका अवैधानिक निर्णयहरूको बैधानिकता पनि स्वतः समाप्त भयो । यसपछि प्रश्न उठ्यो- पूर्वराजाले नेपाल राष्ट्रको शासनभार कस्ता नेताहरूको हातमा सुम्पेछन् ?

जनआन्दोलनको मुख्य माग भनेको निरंकूशताको अन्त्य, प्रजातन्त्रको ग्यारेन्टी र बिधिको शासन थियो । २०६३ साल वैशाख ११ गते राजाले मरेको संसदलाई फूमन्तर गरेर ब्यूँताइदिएपछि त्यही संसदको भूतले राजाका अधिकार कटौति गरिदियो, संविधान संशोधन गरेर माओवादीलाई एमालेसरहको सम्मान दियो र त्यही संसदले अन्तरिम संविधान निर्माण गरेर ०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन गरेको थियो । त्यो निर्वाचनले न संविधान दियो, न राजनीतिक संकटको समाधान गर्न सक्यो । मुलुक भीरको चिण्डो न उँधो, न उँभोको हालतमा पुग्यो । मुलुक विदेशीको चलखेलको मैदान बन्यो, अस्तित्वको संकटमा फस्यो ।

स□जनआन्दोलन र संविधानसभाको निर्वाचनले कुनै पनि दल वा नेतालाई मनलागी निर्णय गर्ने पञ्जापत्र दिएको थिएन । तर, राजनीतिक सहमतिले जनाधिकारलाई किचेर र मिचेर गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको घोषणा गरिदियो । राजनीतिक दलहरूलाई 'कहाँबाट आकाशवाणी आदेश आयो ?' अहिलेसम्म स्पष्ट छैन । तथापि जनतालाई शान्ति र संविधानको लालसा देखाएर राजनीतिक दलहरूले जनताको सार्वभौमसत्ताको दुरुपयोग गरेकै हुन् । जनमत संग्रहबाट हुनुपर्ने निर्णय दलहरूले गरिदिए । तैपनि शान्ति र संविधान, बिधि र न्यायपूर्ण समाज स्थापना भइहाल्छ कि भनेर 'जसो जसो बाहुन उसैउसै स्वाह' शैलीमा जनता आजसम्म चुपचाप बसिरहेका छन्, हस्तक्षेप गरेका छैनन् ।

४ वर्षसम्म लुट्नु लुटेका संविधानसभाका सभासदहरूले आजसम्म जनतालाई भन्न सकेका छैनन्- संविधान किन लेख्न सकिएन ? संविधानसभा बैठक नै नराखी किन बिघटन गरियो ? उपलब्धि के भयो ? संविधानसभाले संविधान लेख्ने नाममा गरेको समय र अरबौं खर्चको जिम्मेवारी लिने कि नलिने ? संविधानसभालाई प्रम बाबुरामले मारिदिए, संधिवानसभाका ६०१ सभासद लुरुलुरु मलामी गए । जनताको मतद्वारा निर्वाचित संविधानसभाको यो बेवारिसे मृत्यु । जनतालाई 'थाहापत्तो' दिनु पर्दैन ? कहिले पुनर्स्थापना, कहिले निर्वाचन, कहिले दलको नेतृत्वमा, कहिले स्वतन्त्र अथवा प्रधानन्यायाधीशको नेतृत्वमा ? यस्ता प्रश्नहरू सार्वभौम जनतासँग सम्बन्धित हुन् कि होइनन् ? कुन जनमतको र कति मतको अधिकारले शीर्ष दलहरू राजनीतिक सहमतिमा मुलुकको निर्णय गरिरहेका छन् ? सर्वसम्मत सहमति भनेको चार दलको सहमतिबाट निस्कन सक्छ ? हिजो ३३ दल थिए, आज ११४ दल छन् । यसबाहेक संवैधानिक राजतन्त्रवादी, दलहरू, नागरिक समाज र अन्य शक्तिहरू पनि मुलुकमा छन् । राष्ट्रिय सहमतिमा तिनको मतको गणना हुनुपर्छ कि पर्दैन ? तिनीहरू नेपालका सार्वभौमशक्ति हुन् कि होइनन् ?

लामो समयदेखि सहमत हुन नसकेर शंकामा बाँधिएका राजनीतिक दलहरूलाई एकाएक 'आकाशवाणी' आयो । यही निर्देशनमा राजनीतिक दलहरू प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी परिषद गठन गरेर निर्वाचनमा जान सहमत हुनपुगे । बिबाद मत्थर भयो, आशंका घट्यो, आकाशवाणीले जगाइदिएको विश्वासका आधारमा वार्ताहरू बाक्लिदै गए । बाबुरामको प्रत्यागमन र निर्वाचनको सम्भावना बढेर गयो । गत जेठ १४ निकास थुनिएर निसास्सिएर मरिसकेको संविधानमा जीवन भर्ने प्रयास सुरू भएका छन् । हेर्नुछ, कामै नलाग्नेगरी थोत्रिएको 'पुड्माडे' संविधान टालटुल पारेर शीर्ष भनिएका कथित चार दलले कहिलेसम्म मुलुकलाई घिसार्न सक्छन् ?

विदेशी चित्रकारले टिनमा लेखिदिएको लोकतान्त्रिक पार्टीका नेताहरूमा लोकतन्त्रका न मर्यादा छ, न गरिमा वा महिमा । लोकतन्त्रमा हुनै पर्ने जनताप्रति जिम्मेवारी र मुलुकप्रतिको इमान्दारितासमेत शून्य छ । ०६३ साल वैशाख ११ गतेदेखि आजसम्मका राजनीतिका यी रथी, महारथीका अनुहार, तिनका गँजडी भाषण, भ्रम छर्ने आश्वासनबाट जनता वाकबिधि बनिसकेका छन् । त्यसैले पूर्वराजा जता गए, माहुरीको रानो यही हो भनेर आम नागरिक झुम्मिन थालेका छन् । लोकतन्त्र टाउको गन्ने व्यवस्था हो भने पूर्वराजतन्त्रजति लोकप्रिय कोही छैन । पूर्वराजाले पूर्व, पश्चिम, मध्य र सुदरपश्चिमका देवदेवी पीठको दर्शन गर्न हिँडेजस्तो गरी राजधानीका तीन सहरका मन्दिरहरूमा पैदल हिड्ने हो भने राजनीतिक दलहरूले ७ वर्ष गरेको राजनीतिक माहोल ७ घण्टामा बालुवाको महल ध्वस्त भएझैं ध्वस्त हुनसक्छ । पूर्वराजा किन भद्रो हेरेर बसेका छन् ? किन जनताको आवाज सुन्दैनन् ? किन नागरिककै हैसियतमा पनि बोल्दैनन् ? राजनीतिक दलहरू दिएको सुविधा कटौती गरिदिने धम्की दिन्छन्, पूर्वराजा कुन सुविधाका लागि जनताका कुरा सुन्छन् तर जनताका बीचमा उभिएर नेतृत्व गर्न सक्दैनन् ? पूर्वराजा राष्ट्रिय, अन्तर्राष्ट्रिय कुन मोहनीका बशमा परेर सुस्त छन्, उकुसमुकुसिएर बसेका छन् ?

हो, केही समय अघि नवलपरासी पुग्दा आयोजकले 'श्री ५ महाराजाधिराज' भनेर संवोधन गरिदिए, जनताले ताली बजाएर स्वागत गरेको देखियो । पूर्वराजाले 'श्री ५ कै हैसियतमा' बोलेको सुनियो । अहिले पनि भ्रष्ट, अनैतिक, अपराधिकरणमा लिप्त भएका राजनीतिक दलहरू आफू असक्षम र नालायक भइसकेको स्थितिलाई 'टोपीले फोहर' छोपेझैं छोपेर शक्ति आफैमा केन्द्रित गर्दै प्रधानन्यायाधीशको चुनाव परिषदमार्फत संविधानसभाको निर्वाचनमा जाने कसरत गर्दैछन् । तर, नेकपा-माओवादीले चुनावमा जान्न भन्दै फागुन ८ गते नेपाल बन्द गरिदियो भने राप्रपा नेपालका अध्यक्ष कमल थापाले राष्ट्रपति निवास ४ पार्टीकोमात्र होइन भनेर आलोचना गर्दैछन् । चार पार्टी र राष्ट्रपतिको यो निकासले पनि राष्ट्रिय सहमतिको स्वरूप लिने र जेठमै चुनाव हुन्छ भनेर आश्वस्त हुने स्थिति तुहिदै गएको देखिन्छ ।

भनिन्छ, असक्षम, अकर्मण्य र आफूले आफैलाई ढाँट्नेहरू जीवनमा अनेकपल्ट मर्छन् । यतिखेर चार शीर्ष दलहरू यस्तै 'राजनीतिक मृत्यु'मा जीवन खोजिरहेका छन् । २०६३ साल वैशाख ११ गते राजाले ब्यूँताइदिएको संसदको आडमा ठालु पल्टेर 'सरदार' बन्दै जनताको सार्वभौमिक अधिकार खोस्दै खोस्दै गणतन्त्रमा पुगेकाहरू 'नयाँ नेपाल' निर्माण गर्न नालायक त भए, भए, तिनको राजनीतिक बेइमानीको कहरमा देश र जनताले पनि बर्बादीको ब्यापक मूल्य चुकाएर दण्ड भोगिरहेका छन् । एक नेपालभित्रका अनेक जाति नेपालीहरूमा विखण्डनको विषबीउ छर्नेहरू सफल हुने सम्भावना थिएन । स्वार्थ, सत्ता र शक्तिमा केन्द्रित यिनले विश्वव्यापी लोकतन्त्रीय पद्धतिका गरिमा, महिमा र सम्मान च्यातचुत पारिदिए । परम्परा र विश्वासमाथि आक्रमण गरेर आफूले निर्माण गरेको अन्तरिम संविधानलाई कुँजो बनाएर संवैधानिक र राजनीतिक संकट खडा गरिदिए । अझै पनि समय छ, राजतन्त्रसहितको सर्बदलीय सहमतिबाट गत्यारोध र संकटबाट मुक्ति खोज्ने प्रयास हुँदैन भने यसका अनेकथरि दुष्प्रभावहरू मुलुकले खप्नु र खेप्नु पर्नेछ । राजनीतिक बिबादको अन्त्य हुनसक्ने छैन ।

राजतन्त्रवादलाई प्रतिगामी भनेर डामिन्छ । अग्रगामीहरूको अनुहार वर्तमान असरल्ल नेपाल होइन । राजतन्त्रवादले २०६३ साल वैशाख ११ गतेदेखि कहाँनेर कुन अल्झो थाप्यो र राजनीतिक दलहरूले काम गर्न पाएनन् । जनताको अधिकारसम्म पनि नेताहरूको सहमतिमा हस्तक्षेप भयो तर राजतन्त्रवादीले कहीं र कतै पनि धराप बनेनन्, समस्या बनेनन् । तैपनि राजनीतिक दलहरूले ७ वर्षमा सयौं समस्याहरूको बोझ जनताको काँधमा थोपरिदिए । जनताको बोझ कम गर्नु राजनीति हो, लोकतन्त्रका नेताहरूले यसको उल्टो काम गरेर पनि साँढे पल्टिरहेका छन्, साँढेजस्तै डुक्रिरहेका छन् । जुन राजनीतिक अधर्म हो ।

नेपाल बोक्नेहरू प्रतिगामी, विदेशी नेताको नाम र झण्डा बोकेर हिड्नेहरू अग्रगामी । आश्चर्य छ । नेपाली माटो, नेपाली सगरमाथा, भूमिपुत्रलाई सिद्धान्त, प्रेरणा र उर्जा मानेर हिड्ने कुन नेता छन् ? नेपालका सवासय जातजातिको पहिचान र अधिकार स्थापित गरेर हिड्ने ल्याकत र हिम्मत कुन दलमा देखियो ? लहैलहैमा जनतालाई उफार्ने र पछार्ने नेताहरू 'राजनेता' रे ? स्वार्थसँग देशको अस्तित्व साटफेर गर्न पनि आतूर देखिने नेता देशभक्त रे ? देशको बेहाल बनाएर त्यसमाथि रजगज गर्न खोज्ने नेताहरू कसरी देशभक्त हुनसकछन् ?

नेताहरूको द्वेध चरित्र, सिद्धान्त, निष्ठा र नीतिहीनता देखेर लोक वाक्क भइसकेका छन् । यही वाक्कपछिको अभिव्यक्ति हो : 'राजतन्त्र जिन्दावाद ।' हिजो एक राजा थिए, जनताको निर्णय मान्य छ भनेर हिड्थे । आज पार्टीपिच्छेका राजा छन् र आफ्नो निर्णय लोकमाथि लादिरहेका छन् । यो स्थितिमा पूर्वराजा जनतालाई गुहारेर टुँडिखेलमा उभिए भने नेपालको राजनीतिमा 'फ्रान्सको जस्तो राज्य क्रान्ति होला कि नेतातन्त्रको बिनास ?' पूर्वराजा नागार्जुनबाट निस्कन र टुँडिखेलमा बोल्न हिम्मत गररहेका छैनन् । किन उनी मुख हुँदाहुँदै नाकले पानी खाइरहेछन् ? बुझ्न सकिन्न । राजनीतिमा जिल्लेले हस्तिनापुरको राज पाउँछ । चपरीमुनी पुऱ्याइएका पूर्वराजा षडयन्त्रबाट को त्यो जालो काटेर जित्ने निश्चित छ तर वीरका छोरामा पुर्खाको पाइन चढेको वीरताको झल्को देखिन सकेन । त्यसैले राजतन्त्र जिन्दावादको नारा सुनिन्छ, जनताको जीवनशैली बन्न सकेन । लोकतन्त्र जिन्दावादको नारा कतै सुनिन्न, तर लोकतन्त्रको मुखुण्डो भिरेर जनतालाई तर्साउने काम भइरहेको छ ।

प्रतिक्रियाका लागि : *rajan1956karki@yahoo.com*

**लामो समयदेखि सहमत हुन नसकेर शंकामा बाधिएका राजनीतिक दलहरूलाई एकाएक 'आकाशवाणी' आयो । यही निर्देशनमा राजनीतिक दलहरू प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी परिषद गठन गरेर निर्वाचनमा जान सहमत हुनपुगे ।**

# The hanging of Afzal Guru is a stain on India's democracy

- Arundhati Roy -

Spring announced itself in Delhi on Saturday. The sun was out, and the law took its course. Just before breakfast, the government of India secretly hanged Afzal Guru, prime accused in the attack on parliament in December 2001, and interred his body in Delhi's Tihar jail where he had been in solitary confinement for 12 years. Guru's wife and son were not informed. "The authorities intimated the family through speed post and registered post," the home secretary told the press, "the director general of the Jammu and Kashmir [J&K] police has been told to check whether they got it or not". No big deal, they're only the family of yet another Kashmiri terrorist.

In a moment of rare unity the Indian nation, or at least its major political parties – Congress, the Bharatiya Janata party and the Communist party of India (Marxist) – came together as one (barring a few squabbles about "delay" and "timing") to celebrate the triumph of the rule of law. Live broadcasts from TV studios, with their usual cocktail of papal passion and a delicate grip on facts, crowed about the "victory of democracy". Rightwing Hindu nationalists distributed sweets to celebrate the hanging, and beat up Kashmiris (paying special attention to the girls) who had gathered in Delhi to protest. Even though Guru was dead and gone, the commentators in the studios and the thugs on the streets seemed, like cowards who hunt in packs, to need each other to keep their courage up. Perhaps because, deep inside, themselves they knew they had colluded in doing something terribly wrong.

u What are the facts? On 13 December 2001 five armed men drove through the gates of the Indian parliament in a car fitted out with a bomb. When challenged they jumped out of the car and opened fire, killing eight security personnel and a gardener. In the firefight that followed, all five attackers were killed. In one of the many versions of the confessions he was forced to make in police custody, Guru identified the men as Mohammed, Rana, Raja, Hamza and Haider. That's all we know about them. They don't even have second names. LK Advani, then home minister in the BJP government, said they "looked like Pakistanis". (He should know what Pakistanis look like right? Being a Sindhi himself.) Based only on Guru's custodial confession (which the supreme court subsequently set aside, citing "lapses" and "violations of procedural safeguards") the government recalled its ambassador from Pakistan and mobilised half a million soldiers on the Pakistan border. There was talk of nuclear war. Foreign embassies issued travel advisories and evacuated their staff from Delhi. The standoff lasted months and cost India thousands of crores – millions of pounds.

Within 24 hours, the Delhi Police Special Cell (notorious for its fake "encounter" killings, where suspected terrorists are targeted in extrajudicial attacks) claimed it had cracked the case. On 15 December it arrested the "mastermind", Professor SAR Geelani, in Delhi, and Showkat Guru and his cousin Afzal Guru in Srinagar, Kashmir. Subsequently, they arrested Afsan Guru, Showkat's wife. The Indian media enthusiastically disseminated the police version. These were some of the headlines: "Delhi university lecturer was terror plan hub", "Varsity don guided fidayeen", "Don lectured on terror in free time." Zee TV, a national network, broadcast a "docudrama" called December 13, a recreation that claimed to be the "truth based on the police charge sheet". (If the police version is the truth, why have courts?) The then prime minister, Atal Bihari Vajpayee, and Advani publicly applauded the film. The supreme court refused to postpone the screening, saying that the media would not influence judges. It was broadcast only a few days before the fast-track court sentenced Geelani and Afzal and Showkat Guru to death. Subsequently the high court acquitted Geelani and Afsan Guru. The supreme court upheld the acquittal. But in its 5 August 2005 judgment it gave Afzal Guru three life sentences and a double death sentence.

The BJP called for an immediate execution. One of its election slogans was "Desh abhi sharminda hai, Afzal abhibhi zinda hai", which means (in stirring rhyme), "Our nation is ashamed because Afzal is still alive". In order to blunt the murmurs that had begun to surface, a fresh media campaign began. Chandan Mitra, now a BJP MP, then editor of the Pioneer newspaper, wrote: "Afzal Guru was one of the terrorists who stormed parliament house on 13 December 2001. He was the first to open fire on security personnel, apparently killing three of the six who died." Even the police charge sheet did not accuse Afzal of that. The supreme court judgment acknowledged the evidence was circumstantial: "As is the case with most conspiracies, there is and could be no evidence amounting to criminal conspiracy." But then, shockingly, it went on to say: "The incident, which resulted in heavy casualties, had shaken the entire nation, and the collective conscience of society will only be satisfied if capital punishment is awarded to the offender."

Who crafted our collective conscience on the parliament attack case? Could it have been the facts we gleaned in the papers? The films we saw on TV? Before celebrating the rule of law, let's take a look at what happened.

The people who are celebrating the victory of the rule of law argue that the very fact that the Indian courts acquitted Geelani and convicted Afzal proves that the trial was free and fair. Was it?

The trial in the fast-track court began in May 2002. The world was still convulsed by post 9/11 frenzy. The US government was gloating prematurely over its "victory" in Afghanistan. In the state of Gujarat, the massacre of Muslims by Hindu goon squads, helped along by the police and the state government machinery that had begun in late February, was still going on sporadically. The air was charged with communal hatred. And in the parliament attack case the law was taking its own course. At the most crucial stage of a criminal case, when evidence is presented, when witnesses are cross-examined, when the foundations of the argument are laid – in the high court and supreme court you can only argue points of law, you cannot introduce new evidence – Afzal Guru, locked in a high-security solitary cell, had no lawyer. The court-appointed junior lawyer did not visit his client even once in jail, he did not summon any witnesses in Guru's defence, and he did not cross-examine the prosecution witnesses. The judge expressed his inability to do anything about the situation.

Even so, from the word go the case fell apart. A few examples out of many: The two most incriminating pieces of evidence against Guru were a cellphone and a laptop confiscated at the time of arrest. They were not sealed, as evidence is required to be. During the trial it emerged that the hard disk of the laptop had been accessed after the arrest. It only contained the fake home ministry passes and the fake identity cards that the "terrorists" used to access parliament – and a Zee TV video clip of parliament house. So according to the police, Guru had deleted all the information except the most incriminating bits. The police witness said he sold the crucial sim card that connected all the accused in the case to one another to Guru on 4 December 2001. But the prosecution's own call records showed the sim was actually operational from 6 November 2001. How did the police get to Afzal? They said that Geelani led them to him. But the court records show that the message to arrest Afzal went out before they picked up Geelani. The high court called this a "material contradiction" but left it at that.

The arrest memos were signed by Bismillah, Geelani's brother, in Delhi. The seizure memos were signed by two men from the J&K police, one of them an old tormentor from Afzal's past as a surrendered "militant".

It goes on and on, this pile up of lies and fabricated evidence. The courts note them, but for their pains the police get no more than a gentle rap on their knuckles. Nothing more.

Anyone who was really interested in solving the mystery of the parliament attack would have followed the dense trail of evidence on offer. No one did, thereby ensuring the real authors of the conspiracy will remain unidentified and uninvestigated.

The real story and the tragedy of what happened to Guru is too immense to be contained in a courtroom. The real story would lead us to the Kashmir valley, that potential nuclear flashpoint, and the most densely militarised zone in the world, where half a million Indian soldiers (one to every four civilians) and a maze of army camps and torture chambers that would put Abu Ghraib in the shade are bringing secularism and democracy to the Kashmiri people. Since 1990, when the struggle for self-determination became militant, 68,000 people have died, 10,000 have disappeared, and at least 100,000 have been tortured.

What sets Guru's killing apart is that, unlike those tens of thousands who died in prison cells, his life and death were played out in the blinding light of day in which all the institutions of Indian democracy played their part in putting him to death.

Now he has been hanged, I hope our collective conscience has been satisfied. Or is our cup of blood still only half full ? *-The Guardian*

## सैनिक श्रीमतीसंघको प्रदर्शनी

१०३ औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमासैनिक श्रीमती संघद्वारा जंगी अड्डा परिसरमा आयोजित "मेला प्रदर्शनी २०६९" को नेपालका लागि थाईल्याण्डका महामहिम राजदुत :चक । प्बलतजयलन ग्लबपगा ले २०६९ फाल्गुन ३ गते एक समारोहका बीच समुद्घाटन गर्नुभयो । उक्त समारोहमा मेला उपसमिति सल्लाहकार श्रीमती अनिता बस्नेतले स्वागत मन्तव्य व्यक्त गर्नु हुंदै संघले आफ्नो स्थापनाकालदेखि नै सैनिक परिवार तथा सेनामा कार्यरत महिलाहरूको बृहत्तर क्षमता विकाशका कार्यक्रम तथा स्थानिय तथा राष्ट्रिय स्तरमा विभिन्न स्वयंसेवी कार्यहरू समेत संचालन गर्दै आईरहेको बताउनु भएको थियो ।

फागुन ६ गतेसम्म सञ्चालन हुने उक्त मेला प्रदर्शनीमा तथा हेलिकप्टर प्रदर्शन, सैनिक कुकुरहरूबाट कलात्मक प्रदर्शन, विभिन्न मनोरञ्जनात्मक खेलकुद, स्थानिय उत्पादनका विभिन्न सामग्रीहरूको प्रदर्शनी तथा बिक्री लगायत निजी संस्थाहरूको समेत स्टलहरू राखिएका छन् ।

# लोकतन्त्रलाई अविश्वास गर्दा बाबुराम दण्डित

*-मिलन शमा*

बाबुरामले लोकतन्त्रलाई अविश्वास गर्न खोज्दा उनी आफैं दण्डित हुन पुगे । सत्ता छाड्न उनले सामान्य राजनीतिक संस्कारसमेत देखाउन सकेनन् । स्वतन्त्र व्यक्तिलाई नेतृत्व दिने उनको भनाइ दलीय पद्धतिमाथि नै आक्रमण थियो । माओवादीले प्रधानन्यायाधीशको नेतृत्वको प्रस्ताव ल्याउँदा यो मान्य नहुने गरी नै गरेको थियो । तर जसरी भए पनि यो सरकारको बहिर्गमन नभए समग्र लोकतान्त्रिक संस्थाहरू ध्वस्त हुँदै जाने, निर्वाचन पनि नहुने र देश झन् तहसनहस बन्ने देखेपछि आफ्ना दलभित्र व्यापक शंका र विरोध हुँदाहुँदै पनि राजनीतिकि नेतृत्व त्यसका लागि तयार भयो ।

राष्ट्रपति पनि माओवादीका एकपछि अर्को गर्दै प्रस्तुत भएका राजनीतिक खेलौनाबाट दिक्क भइसकेका थिए । त्यसै कारण उनले संविधानको रक्षाका लागि अब आफैं उत्रने स्पष्ट पारेका हुन् । राष्ट्रपतिबाट आज आइतबारसम्मको समय दिइएको छ । यसपछि राष्ट्रपति पर्खने स्थिति बन्दैन । यी सबैको निष्कर्ष हो माओवादीबाट देशले मुक्ति पाउनु । माओवादीको सरकारबाट सबैभन्दा बढी खेलवाड भएको विषय हो, राष्ट्रियता । हेटौंडामा राष्ट्रिय सीमाबारे जनमतसंग्रह गर्न र राष्ट्रियताका सवालमा कसैले केही नबोल्न जारी गरिएको उर्दीले आमनागरिकलाई आक्रोशित तुल्यायो । राष्ट्रियताका लागि नागरिकहरू रगत बगाउन तयार हुन्छन् । इतिहासमा धेरै नेपालीले आफ्नो राष्ट्रियता र त्यसको सीमा जोगाउन विदेशीसँग लडेका उदाहरण छन् । तर माओवादी भने त्यसमा जनमतसंग्रह गर्ने र आफ्ना कार्यकर्ताहरूलाई राष्ट्रियताका बारे बोल्ने कारबाही चलाउने उर्दी जारी गर्छ । देशका लागि योभन्दा डरलाग्दो पक्ष अर्को हुनै सक्दैन । केवल शासनका लागि राष्ट्रियतालाई दाउमा राख्न खोज्नु राज्यविरुद्धको अपराध नै हो । यसका लागि माओवादीलाई नेपाली जनताले छाड्नेवाला थिएनन् । भयो पनि त्यस्तै । जनताले एकताका सबैभन्दा ठूलो हैसियत दिएको त्यो दलले आफूमात्र होइन अरू कुनै दललाई एउटा निर्वाचन गराउन सक्ने मानेन् । भट्टराई आफैंले एक्लै मंसिरमा निर्वाचन गराउने घोषण गरेका हुन् । आफूले घोषण गरेको कुरा गर्न नसक्दा दुनियाँमा कोही पनि सत्तामा बसिरहँदैनन्, सक्नेलाई ठाउँ दिन्छन् । तर उनले त्यतिसम्म गर्न चाहेनन् । उनका अध्यक्ष हरेक दिन कुरा फेर्ने र प्रधानमन्त्री बाँड्ने, राजनीतिका सबैभन्दा जोक्करमात्र बने जसबाट निकासको कुनै सम्भावना आएन र आउने कुरा पनि थिएन । देशभित्रका शक्तिहरूलाई विदेशले नचाहेको भनी खुला रूपले नै आफू विदेशी दलाल रहेको स्वीकारसम्म गर्न पुगे । यही चरित्रले उसका कारण देश झन्झन् अन्योलमा पर्दै गएको हो जो पछिल्लो घटनाक्रमले उसको सत्ता बहिर्गमनबाहेक कुनै विकल्प बाँकी राखेन । पछिल्लो समय सधैं स्वार्थका लागि जे पनि गर्न तयार हुने भनी परिचय बनाएको मधेसवादी दलले समेत उसको साथ छोडिसकेको थियो । यसले केही पहिले सम्मानजनक बहिर्गमनको सम्भावना बनिरहँदा माओवादीकै कारण यति अपमानित हुनुपर्‍यो कि यसले राजनीतिक व्यक्तित्वको परिचयसमेत गुम्यो । नेपाली कांग्रेसको केन्द्रीय समितिले अघिल्लो हप्ता शीर्ष नेताहरूलाई निर्णय गर्न अधिकार दिएको थियो । त्यसले नै सकेसम्म राजनीतिक दल र नभए माओवादीबाट मुक्ति गरी जेठमा निर्वाचनका लागि कुनै अर्को विकल्पमा प्रधानन्यायाधीशको अध्यक्षतामा परिषद्को प्रस्ताव आएको हो । अर्को विपक्षी दल एमाओवादी हिजो अबेरसम्म छलफलमा थियो ।

भट्टराई प्रधानमन्त्री हुनुपुर्व धेरै आशा थियो तर "मुस्ताङ म्याक्स"बाट सुरु गरेको यात्रा कहिले दलितको घर त कहिले कुसुण्डा जातिको घरमा पुगेर प्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपालको इतिहासमा फरक परिचय बनाए । मुक्त कमैयाको घरमा प्रधानमन्त्रीले बास बसेको खबरसागै पश्चिम नेपालमा रहेका मुक्त कमैयाहरूको अर्को असन्तुष्टि बाहिरिएको छ । १० वर्षअघि सरकारद्वारा मुक्त घोषण गरिएका कमैयाहरूले सरकारले आफूसाग गरेको सहमति कार्यान्वयन नगरिएको भन्दै आपत्ति जनाएका छन् । उनीहरूले आफू र सरकारबीच भएको सहमति कार्यान्वयन नगरे पश्चिम नेपाल बन्द गरिने हठ जाहेर गरेका छन् । मुक्त भएको एक दशकमा उनीहरूको नाममा विभिन्न गैरसरकारी संस्थाहरूले अर्बौं रूपैयाा खर्च गरिसकेका छन् । जुन रकमको लेखाजोखा गर्ने हो भने हरेक मुक्त कमैयाको परिवारलाई पक्कीघर र गरिखाने जमिनको व्यवस्था गरिदिन पुग्थ्यो । एक दशकदेखि हरेक वर्ष मुक्त कमैयाको आपत्ति र विरोध भने रोकिएको छैन । सम्भवतः यो सबै विषयमा प्रधानमन्त्री भट्टराईले उनीहरूकै घरमा बास बस्दा थोरै भए पनि छनक पाइसकेका होलान् । मुक्त कमैयाका समस्यालाई समाधान गर्नेबारे प्रधानमन्त्रीले कुनै योजना बनाएका छन् या छैनन् त्यो भने बाहिरिएको छैन । हरेक दिन बालिग बन्दै गएको मुक्त कमैयाको सन्तान नै दिनैपिच्छेको समस्या बन्दै गएको बारे भने न हिजो सोचियो न आज सोचिादैछ । किनकि कमैयाको पीडा र अभाव साटेर खेतीपाती गर्न धेरैलाई सजिलो भएकाले पनि यो समस्या चाडै समाधान भइहाल्ने छाटकाट देखिदैन । मुक्त कमैयाको जस्तै पीडा र समस्या पश्चिम नेपालको पहाडी भेगमा रहेका हलियाको पनि छ । मुक्त गरिनुअघि व्यवस्थापनको बलियो खाकासम्म नबनाएर हिडेका "हल्लावादी" संघसंस्थाहरूको हावादारी योजनाका कारण आज हलियाहरू पुरानो अवस्था गुमेको र नयाा व्यवस्था भइनसकेको अवस्थामा छन् । योमात्रै पश्चिम नेपालको पीडा र समस्या होइन । जिल्लाभरि स्वास्थ्य संस्था भए पनि त्यहा स्वास्थ्यकर्मी नभैदिनु, स्वास्थ्यकर्मी भए औषधीमूलो नहुनु, औषधि पुगेको ठाउामा उपचार गर्ने भवन नहुनु बाजुरा, बझाङ, अछाम, दार्चुला, रूकुम, रोल्पा, जुम्ला, कालीकोटलगायतका जिल्लाका स्थायी समस्या जस्तै बनेका छन् । पश्चिम नेपालका यी जिल्लाहरूमा ऋन्धन गरेर महिनौं कुर्दा पनि अन्नपात नपाउने नियति नौलो होइन । उपचार नपाएर बर्सेनि तमामै दिदीबहिनीको ज्यान जोखिममा पर्ने गरेको कुरा दोहोरिरहने पीडा हो ।

सरकारमा सहभागी दलबाहेक अन्य दलहरूले समस्याको कारण देखिरहेका प्रधानमन्त्री डा. भट्टराइको दिल र दिमागमा भने यस्ता समस्याहरू समाधान गरेर चर्चा पाउने भन्दा पनि सस्तो लोकप्रियता कमाउने उपायहरूमात्रै सुझ्ने गरेका छन् । उनले कहिल्यै भोकमरी झेलिरहेका बाजुरेली, उपचार नपाएर मृत्यु स्वीकारेकी रोल्पाली आमाको पीडा कम गर्ने कदम चालेको देखिदैन । बरू "मुस्ताङ एम्बेस्डर" बनेर थालेको यात्रा तिनै दुःखी गरिबको घरमा बास बस्न गएर कायम राख्न खोजेको देखिन्छ । राजधानीदेखि ४५ किलोमिटरपत्तिर मात्रै सुत्केरी बोक्ने एम्बुलेन्स नपाएर छटपटिएका जनताको आकाश माथि दुईदुईवटा हेलिकोप्टर चढेर सामान्य कार्यक्रम उद्घाटन गर्न पुग्ने प्रधानमन्त्रीको शैलीले जनता आक्रान्त बनेका छन् । प्रतिपक्षमा रहेका अन्य दल र असन्तुष्टि जनाउँदै नयाँ उम्रिएका दलहरूले पनि दूरदराजका जनताले भोगेका उल्लेखित समस्यालाई कहिल्यै एजेन्डा बनाएको देखिँदैन । गणतन्त्र घोषण भएदेखि संविधानसभाको चारवर्षे आयु समाप्त हुादासम्म "सहमति"को मात्रै रटान गरियो । त्यसैको नाममा बिताइएका चार वर्ष र त्यस यताका झन्डै सात महिनामा कहिल्यै जनताले भोगेको भोकमरी, औषधि उपचारको अभाव, बेरोजगारी, महँगाई, बाटोघाटोको समस्याका बारेमा कहिल्यै कसैले आवाज उठाएन । आज पनि "सत्ता नछोड्ने र नपाई नहुने" "रगडतान"मा राष्ट्रपतिले तोकेको छैटौं पटकको समय पनि घर्किदैछ । अनिर्णयको बन्दी बनाइएका आमनागरिक अव्यक्त पीडा बोकेर मौन बसिरहनुलाई दलहरू र सरकारले खै के सम्झिरहेको छ? जनताको मनको कुनै कुनामा जीवित रहेको आशाको फिलिंगो पछिल्लो सहमतिको रटानले निम्न सक्ने खतरा वर्तमान सरकार र राजनीतिक दलहरूले बुझ्न नसकेकका हुन् वा बुझ पचाएका हुन्? यदि अझ पनि उनीहरूले जनताको यो सहनशीलतालाई कमजोरी सम्झिने कुचेष्टा गरिरहे भने त्यसको परिणम भयावह हुनसक्छ ।

अभाव, गरिबी, बेरोजगारी, महागाई, अव्यवस्था, अराजकता, अवैधानिकता, अशिक्षा र रोग स्वीकारेर बसेका जनताले बुझेको अन्तिम सत्य के हो भने "हरेक राजनीतिक अनुहारहरू जनताभन्दा सत्ताप्रति लालायित छन् द्दद्ध" मुलुकमा १२ वर्षसम्म चलेको युद्ध र त्यसका अवशेषहरूको अन्त्यका लागि जनताले गरेको यो व्यग्रप्रतीक्षा, धैर्यता र सहनशीलता धेरै दिन यस्तै रहिरहला भनेर राजनीतिक दलहरूले सोच्नु मुर्ख्याइाबाहेक केही हुने छैन । दल र तिनका नेताहरूले वर्षौंदेखि सहमतिको नाममा सत्तामा आज्ञघटनो नाम सदर गराउने भित्री चरित्र अब जनतासामु छिपेको छ भनेर सोच्नु उनीहरूका लागि अभिशापबाहेक केही नहोला भनेर सोच्नु केटाकेटीपना हुनेछ ।

अहिले निर्वाचनको मिति तय गरेर नयाा सरकार गठनको प्रयास भएरगरेको देखिादैन । जबकि अबको १० दिनमा त्यो भएन भने वैशाखमा निर्वाचन सम्भव नभएको निर्वाचन आयोगले जनाइसकेको छ । विपक्षीहरू पहिला नयाा सरकार अनि निर्वाचन भन्नमै छन् भने सत्तासीनहरू त्यो गर्न मानिरहेका छैनन् । यसको अन्तरमर्म भनेको निर्वाचन तोकेर नयाा सरकार गठन गरियो भने नयाा बन्ने सरकारले कुनै पनि नियुक्ति, सरुवा वा पदपूर्ति गर्न पाउने छैन । सरकारमा जान चाहनेहरू निर्वाचनको मिति घोषण गर्न तयार छैनन् । सत्तासीनहरू त्यसो नगरिएसम्म सत्ता छोड्ने मानसिकतामा छैनन् । किनकि निर्वाचनको मिति तोकिएन भने नयाा बन्ने सरकारले अहिलेको सरकारले गरेका पदपूर्ति र नियुक्तिहरू फेरबदल गर्न सक्ने डर छ । विवादको जड कारणमध्ये यो प्रमुख समस्या बनिरहेको छ । जबकि २०६४ सालको संविधानसभाको निर्वाचनले सत्ताभन्दा संविधानलाई प्रमुख उद्देश्य बनाएको थियो । अनि शान्ति र लोकतन्त्रको स्थायित्वलाई अपेक्षा गरेको थियो । विडम्बना जनआन्दोलन २०६२र६३ को भावना विपरीत राजनीतिक दलहरू यीं सबै विषयलाई महत्व नदिएर सत्तालिप्सामा डुबेको कुरा दूरदराजका निरक्षर जनताहरूले पनि बुझिसकेका छन् । दलहरूको यस्तै गैरजिम्मेवारीपनका कारण जनतामा कति निराशा र आक्रोश छाएको छ भन्ने कुराको अनुमान एमालेका अध्यक्ष झलनाथ खनालदेखि सुरू भएर कांगेरसका सुशील कोइराला हुादै एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालको गालामा लागेको थप्पडले पुष्टि गरिसकेको छ ।

## विदेशीको दबाबमा...

अहिले दाहालको वरिपरी राजनीति घुमिरहेको छ । त्यसको फाइदा उठाउँदै दाहालले प्रधानन्यायाधीशलाई सरकार प्रमुख बनाउने राणनीतिक चालबाजी गरेर कांग्रेस एमालेलाई आफ्नो वरिपरी घुमाउन दाहल सफल भएका छन् । भोली सरकार प्रमुख रेग्मीले आफूलाई सरकार प्रमुख बनाइदिने व्यक्तिको गुन तिर्न एमाओवादीको पक्षपोषण गरेको खण्डमा कांग्रेस एमालेको हातमा शून्य बाहेक अन्य केही हुनसक्दैन ।

सहमतिको नाममा कुनैपनि राजनैतिक दलले आफ्नै मृत्युपत्रमा हस्ताक्षर गर्न सक्दैन । तर हाम्रा राजनैतिक दलहरूले आफ्नै मृत्युपत्रमा हस्ताक्षर गरेर दलहरू असक्षम र असफल भएको भन्दै लोकतान्त्रिक व्यवस्थामा निर्दलीय सरकार प्रमुख बनाउने भएका छन् । राजनैतिक व्यक्तिहरूले राजनीति गरेको सत्तामा पुग्नैका लागि हो । तर मृत्युपत्रमा हस्ताक्षर गरेर कसैले सत्ता प्राप्त गर्न सक्ने अवस्था रहँदैन । अहिले कांग्रेस र एमाले दाहालको षड्यन्त्रमा परेर दलहरूको मृत्युपत्रमा हस्ताक्षर गरेका छन् । बध भएको संविधानसभामा उपस्थित भएका ३३ दल मध्ये बाटै चुनावी सरकारको नेतृत्व गर्न सक्ने सम्भावित धरै व्यक्तिहरू भएपनि उनीहरूलाई पाखा लगाउँदै कहिल्यै जनताको नजरमा राजनीति नगरेका र पुरै समय न्यायालय क्षेत्रमै विताएका व्यक्तिलाई सरकार प्रमखु बनाउनु भनेको दलहरूको नालायकीपनको अर्को राम्रो उदाहारण हो । आजसम्म जस्तै कठीन परिस्थितिमा पनि नेपाली जनताले न्यायालयप्रति गरेको विश्वासलाई रेग्मीले डगमगाउन दिनु हुँदैन । विश्वका जुनसुकै प्रजातान्त्रिक मुलकुहरूमा सर्वोच्च आदलका प्रधानन्यायधीश र न्यायाधिशहरू राजनैतिक प्रभावमा नपरून भनेरै उनीहरूको अवकाश पाएपछि कुनै अड्डा अदालतमा बहस पैसवी गर्न र कुनै पनि सरकारी सेवामा जान नपाउने प्रावधान राखिएको हुन्छ । यदी अवकाश पाएपछि अर्को ठाउँमा नियुक्ति भएको खण्डमा उनीहरूले दिने फैसला र निर्णयहरू निष्पक्ष हुँदैन भन्ने सोचेरै त्यसो गरिएको हो । पछिल्लो समयमा चार दलको सहमतिमा बनेको कार्यदलले तयार परेको दसतावेजमा नेपालको अन्तरिम संविधानको धारा १०६ (क)लाई संशोधन गर्ने प्रस्ताव गरिएको हुनाले उक्त प्रस्ताव संशोधन भएमाा अब सर्वोच्च अदालतका पूर्व न्यायाधीशहरू सरकारी सेवामा पुनः नियुक्ती पाउन सक्ने भएको हुनाले अब सर्वोच्च अदालतले दिने निर्णय स्वतन्त्र र निष्पक्ष नहुने प्रायः निश्चित भएको हुनाले भविष्यको लागि पनि अदालतलाई स्वतन्त्र राख्न रेग्मीले सरकार प्रमुख बन्न अस्वीकार गर्नु नै उचित हुनेछ ।

# मधेसी नेता कि मधेसका भष्मासुर

*उपेन्द्र झा*

शताब्दियौँदेखि आन्तरिक औपनिवेशिक शोषण, दमन झेल्दै भेदभावमा परेका मधेशी आफनो पहिचान र अधिकारका लागि विद्रोह गरेका थिए । मधेशीसँग राज्यले गरेको विदेशी नागरिक जस्तो व्यवहार हटाउन, पहिचान कायम गराउन, स्वायत्तता सहितको संघीयता र समावेशी अधिकार दिलाउन आन्दोलन पछि अनगिन्ती अगुवाहरु नेतृत्व पंक्तिमा देखा परे । एक से एक धुरन्धर मधेशका राजनीतिज्ञहरूलाई लामबद्ध रूपमा देखेर मधेश अति हर्षित तथा आशावादी बनेको थियो । राज्य पुनर्संरचनाको माध्यमले मधेशलाई अधिकार सम्पन्न गराउन संघीय प्रदेश लिने संकल्पका साथ हिंडेका सहयात्री नेतृत्व योद्धाहरु आफू मधेशका मसीहा बन्ने महत्वाकाँक्षा लिएर प्रस्थान विन्दुबाट नै अलग्गिए । विभिन्न चरित्रका व्यक्तित्व लिएका अगुवाहरूको एक ठाउँमा जमघट देखिए पनि सह अस्तित्वको अभावमा सबैले बेग्ला बेग्लै बाटो समाते । मधेशी जनता समक्ष सबैले एकअर्कामाथि दोषारोपण गर्दै आफू खाँटी रहेको प्रमाण पत्र देखाउँदै आए । यात्राको प्रस्थान बिन्दुमा नै विभिन्न बाटो हिंड्ने नेतृत्व पंक्तिको व्यवहारप्रति मधेशी जनतामा आशंकाको बीजारोपण भएको थियो, तर जसले गरे पनि मधेशलाई अधिकार चाहिएको छ भन्ने आशले मधेश नेतृत्व पंक्तिको धुरन्धर अनुभवप्रति आशावादी थियो । यात्रा प्रारम्भ गरि विभिन्न दिशामा गएका नेतृत्व पंक्तिका अगुवाहरु राज्यको प्रलोभनमा कहाँ हराए थाहै भएन । अधिकार लिन हिंडेका दलहरु दिग्भ्रमित भई अस्तित्वहीनताको अवस्थामा पुगे । दलहरुको उद्देश्यविहीनता मधेश निराश छ ।

मधेशको जनादेशको अपमान गर्दै व्यक्तिगत स्वार्थमा रमाएका मधेशका प्रतिनिधीहरु सबै एकअर्काको सिको गर्दै अगाडि बढ्दा मधेशको बागडोर छुट्नु स्वाभाविकै हो । मधेशको आवाजलाई स्वलाभको माध्यम बनाएर मधेशी जनतालाई दिग्भ्रमित गर्ने व्यवहारले मधेश त निराश भयो नै, आफनो अस्तित्वमाथि पनि समयले प्रश्नचिन्ह खडा गरि दिएको छ । मधेशका अधिकारका लागि प्रतिरक्षात्मक पंक्तिमा कहिले पनि खडा नहुने यी दलहरु के मुख लिएर जनता समक्ष उपस्थित हुने ?

अहिले देशमा संविधान सभा छैन । संविधान सभाको घोषित चुनाव हुने आश छैन । गैर मधेशी दलहरु संविधान सभाको अन्तसंगै संघीयताको पनि अन्त भएको ठानेको छ । मधेशीको आन्दोलनमा गरिएको लगानी र विगत पाँच वर्षमा संघीयताको घनीभूत रूपमा गरिएको अभ्यासले मधेशीका लागि संघीयता "डेड लाइन" बनेको छ । यसका लागि दलहरूको कुनै खासै रणनीति छैन, न कुनै कार्य दिशा छ । सबै सरकार बनाउने र ढाल्ने गठबन्धन बनाएका छन् । धेरै जसो मधेशी दलहरु अहिले सत्तापक्षको गठबन्धनमा सरकार बचाउने राजनीतिक दाउपेंचमा लागेका छन् भने प्रतिपक्षलाई पनि सरकार ढाल्ने काममा मधेशी दलहरु सघाएका छन् । मधेशी जनअधिकार फोरम, नेपाल माओवादी प्रभावमा रहेको भनेर खाँटी प्रजातन्त्रवादीहरु पार्टी फुटाएर माओवादीसंग सहकार्य गर्न रूचाएका छन् भने फोरम नेपाल माओवादी प्रभावबाट मुक्त हुन प्रतिपक्षको खेमालाई सघाउन पुगेको छ । आफना पार्टीहरु छाडेर मधेश मुक्तिका लागि क्षेत्रिय पार्टीमा हाम फालेका धुरन्धर राजनीतिज्ञहरूको विगत पाँच वर्षको गतिविधी हेर्दा न यिनी राष्ट्रवादी बन्न सके न मधेशवादी । यिनी नितान्त व्यक्तिवादी नै ठहरिए । कुनै न कुनै प्रकारले गैर मधेशी पार्टीलाई खुशी पारेर सत्ता प्राप्त गर्ने मनसाय बाहेक यिनीहरूको अरु कुनै अभीष्ट रहेन । न यिनी प्रजातन्त्रवादी, न माओवादी, मात्र खाओवादी हुन् ।

एउटा निश्चित उद्देश्य लिएर उठेको मधेश आन्दोलनको कार्यदिशालाई थुनेर मधेशका दलहरु जसरी स्वलाभको आनन्दमा रमाएर मधेश आन्दोलनको उद्देश्यलाई विसर्जनमा पुऱ्यायो, के फेरि मधेशबाट त्यो अवसर प्राप्त गर्न सक्ला ? मधेश विगत पाँच वर्षमा यी राजनीतिक दलहरूको गहनतम् अध्ययन गरि सचेत अवस्थामा रहेको कुरा यी दलहरूलाई थाहा छैन । मधेशसंग मिथ्या वाचा गरेर जनादेश लिई जवाफदेहिता विपरित गरेको धोका र त्यसबाट टुक्रिएको मधेशको एकता, जनजनमा व्याप्त अविश्वास, आक्रोश, क्षोभ र घृणा फैलाएर राज्यलाई फायदा पुऱ्याउने मधेशी दलको धृष्टताले समग्र मधेश आक्रोशित बनेको छ । कुनै पनि दलप्रति मधेश आशावादी छैन । आफनै पार्टीका कार्यकर्त्ताबाट नेतृत्व आलोचित बनेको छ । असन्तुष्टताको यस्तो माहोलमा चुनाव भयो भने सबैको अस्तित्व संकटमा जाने पक्का छ । प्रत्येक पार्टीमा कार्यकर्त्ताको पलायन तीब्र रूपमा देखिएको छ । आउने परिणामलाई नतमस्तक स्वीकार गर्ने तर आफूले विगतमा गरेको गलत गतिविधीको समीक्षा गरेर पुनश्च सच्चिएर मधेशको अधिकारबारे गम्भीर भई सोच्न मधेशका दलहरु तयार छैन ।

आर्थिक प्रलोभनका पछाडि पार्टी विभाजन गर्दै पद र पैसा प्राप्त गर्दै हिंडने यी भूक्खड दलहरूको घृणित गतिविधिका कारण मधेश शर्मिन्दा मात्र भएन, गैर मधेशी पार्टीले जनअधिकारलाई सुनिश्चित गर्ने संविधान सभालाई अर्थहीन अन्त गराउने साजिशलाई टुलुटुलु हेरेर मौन स्वीकृति दिए । समावेशी विधेयक टेबुल भइरहँदा पास गराउन सकेन । याभन्दा शर्मनाक कुरा त के थियो भने २७ वटा मधेशी मन्त्री रहेको सरकारमा बरियता प्राप्त गरेको अवस्थामा मधेश आन्दोलनका पीडितहरूलाई राहत पनि दिलाउन सकेन ।

मधेशका लागि यिनीहरु के गरे भन्ने कुरा टड्कारो रूपमा उठेको छ । मधेशका नाममा अपार धनराशि कमाएका दलहरु मधेश आन्दोलनमा अपाँग, घाइते बनेका योद्धाहरूप्रति उदासीन बन्नु कृतध्नता होइन ? मधेशका लागि सामान्य काम पनि पूरा गराउन नसक्ने यी दलहरु मधेशलाई अधिकार सम्पन्न गराउने सोच लिनु मूर्खताबाहेक अरु केही हुने छैन । मधेश आन्दोलनमा प्रदर्शित समग्र मधेशको एकतालाई जातिवादको राजनीति प्रवेश गराएर मधेशको एकता भंग गरेको संगीन आरोप छ । युवा पुश्ता जसले मधेशको आन्दोलनलाई निर्णायक अवस्थामा पुऱ्याए, भ्रष्ट बनाएर अधिकारको पंक्तिबाट विस्थापित गराए । मधेशलाई अनेकौं कित्तामा बाँडेर अधिकारको आवाजलाई न्यून गराए । मधेशी मधेशीप्रति बैमनष्यता जगाएर उनलाई एकअर्काको प्रतिस्पर्धी बनाए । अर्थात् राज्यको इशारामा मधेशले उठाएका अधिकारका कुरालाई शून्यमा पुऱ्याउने काम गरे । दलहरू मधेशका घृणापात्र बन्न पुगे ।

आफनै दलहरूका कारण हात लागेको असफलताले के मधेश चुप लागेर बस्ने हो त ? निश्चय पनि होइन । मधेश आन्दोलनले यति धेरै लगानी गरेर कथमपि निष्क्रिय बस्दैन । मधेशका युवाहरूको बगावतको आवाज विभिन्न संघ संस्था मार्फत अभिव्यक्त भई रहेको छ । यो आवाज दलीय परिबन्धमा महत्वहीन मानिए पनि यसले भविष्यमा भीषण शंखनादको रूपमा घन्किने निश्चित छ । यसका कारण गैर मधेशी राजनीतिक दलहरूको मधेशप्रतिको पूर्वाग्रही मानसिकता, मधेशप्रतिको आक्रामक व्यवहार र मधेशलाई मौलिक हकबाट बञ्चित राख्न राज्यलाई सघाउने मधेशका भष्मासुरका गतिविधीले मधेशलाई पुनश्च आन्दोलनतिर धकेल्ने प्रेरणा दिई रहेको छ । देशका विद्यमान परिस्थितिले पनि मधेशलाई निर्णायक आन्दोलनको तयारीमा लाग्न प्रेरित गरिरहेको छ । अधिकारका लागि उठेका आन्दोलन अधिकार नलिई समाप्त हुँदैन । नागरिक सरह पनि मान्यता प्राप्त गर्न नसकेको मधेशीले संघीयताको माँग गर्दा त्यसप्रति प्रतिबद्धता जनाए पनि साजिशपूर्ण किसिमले त्यस अधिकारबाट बञ्चित गर्नु लोकतन्त्रको मान्यता अन्तर्गत पर्दैन । अहिलेको राजनीतिक गतिरोध पनि प्रमुख राजनीतिक दलहरूको पूर्वाग्रही मानसिकताको उपज हो ।

*(मधेश दर्पण फिचर सेवा)*

---

# बागमतीको पवित्रता

*रोशनकृष्ण रन्जितकार*

बागमती ऐतिहासिक र पौराणिक पवित्र नदी हो । यो नदी बागद्वारबाट प्रकट भएर सुन्दरीजल, गोकर्णेश्वर हुँदै पशुपतिनाथको बिचैबीच भएर शंखमूल घाटबाट चोभारको डाँडो काटेर गंगा नदीमा समाहित भएर सागरमा मिसिन पुग्छ । बागमतीका कारणले यसका किनारमा ठूला सहर, बस्ती र गाउँहरू आवाद रहेका छन् जसमध्ये प्रमुख सहर हो काठमाडौं । यसकारण यो सहरको सभ्यताको नाम नै बागमती सभ्यता भनिन्छ । बागमतीकै कारणले बागमती भूमि संसारकै उर्बरमध्येमा पर्छ । बागमती सभ्यताका कारणले यहाँ मन्दिरै मन्दिरहरू बनेका छन्, पशुपतिनाथको मन्दिरमा सुनको छाना हाल्न सकिएको भनाइ छ । स्वयम्भूनाथ, बौद्धनाथमा समेत सुनको जलप र कैयौं मन्दिरमा सुनका जलप, सनका छानाहरू अहिले पनि छन् । पहिले पहिले निर्माण भएका यी मन्दिरहरूमा विदेशी सहयोग परेको छैन, नेपाली हात, श्रम, पसिना र कारिगरीका नमूना हुन् यी । बागमती नदीकै कारणले यो उन्नतिलाई छुन सकेकोमा दुईमत नहोला ।

बागमतीको पानीले नै सबै काम हुन्थ्यो । पिउन, नुहाउन, शुभकार्य गर्न, पूजा गर्न बागमतीकै पानीको प्रयोग हुन्थ्यो । ३० वर्ष पहिलेसम्म पनि हामी बागमतीमै नुहाउने गर्थ्यौं । २० वर्ष पहिलेदेखि बागमती, बिष्णुमती प्रदूषित हुन थाले, हामीले नै फोहर हाल्न थाल्यौं । त्यस्तो पवित्र बागमती यतिखेर महामारीको संक्रमण बोकेर राजधानीमा उभिएको छ ।

बागमती सफाई अभियानमा अनेक थरि जुटेका छन् । एनजीओ, आइएनजीओ र सरकारसमेत लागेको छ । व्यक्तिगत रूपमा लाग्नेहरू पनि छन् । तर, बागमती ढलमती बन्नबाट जोगिन सकेन । प्रम बाबुरामले समेत केही लाख खर्च गरेर बागमती सफाईको नाटक मञ्चन गरे, आफ्ना कार्यकर्ताको पेट भर्ने काम मात्र गर्नपुगे । झारा टराई कामले बागमती सफा हुने थिएन, भएन । बागमती सफाई अभियानमा इमान्दार प्रयास हुँदै भएन ।

काठमाडौं महानगरमार्फत राज्यले एउटा नियम बनाएको छ : बागमतीमा फोहर फाल्नेलाई एकलाखसम्म जरिबाना र फौजदारी मुद्धा चलाएर तीन महिनासम्म जेल सजाय गर्ने । कस्तो अचम्म ? देशमा संविधान छैन, मनलागी शासन चलिरहेको छ, महानगरको नियमलाई मान्ने कसले ? भ्रष्टाचारको आहालमा बसेको महानगरको नियम देखाउनका लागि सिमित बन्न पुगेको छ । बागमती सफाई अभियान भनेको बजेट स्वाहा पार्ने र विदेशी सहयोग कुम्ल्याउने राम्रो अवसर बनेको छ । यो लाभ पार्टीका लाउकेले लिइरहेका छन् ।

काठमाडौंलाई महानगर बनाइयो तर महानगरको काम गाविसले गरेजत्ति पनि भएको छैन । सिर्फ महानगरपालिका, यही फोहर व्यवस्थापन गर्नसम्म पनि सक्दैन । फोहर सफा गर्नेदायित्व निर्वाह गर्न नसक्ने महानगरमाथि नै मुद्दा लाग्ने स्थिति छ । राजधानी तीन सहरका फोहर, घरघरका ढलहरू सिधै बागमती, विष्णुमती र अरू सहायक खोलाहरूमा मिसाइएको छ । जनसाधारणले मात्र होइन, स्वयं महानगर र नगरहरूले नै बागमती फोहर गरिरहेका छन् । अब भन्नोस्, महानगर, नगरहरूलाई कस्तो जरिवाना वा दण्ड दिने ?

त्यसैले बागमती बचाउ या सफा गरौं भन्ने कार्य नाराले सम्भव छैन । अवैधानिक नियम कानुनले पनि सम्भव देखिन्न । झण्डै ४०लाख जनसंख्या पुगेको सहरको फोहर मैला तथा ढललाई व्यवस्थित गरी आम नागरिकमा चेतना फैलाउने कार्य नगरून्जेल बागमती सफाई अभियान नारामात्र हुनजानेछ । कुनै समय फोहरबाट मल बनाउने, फोहरबाट उर्जा निकाल्ने र अन्य बस्तुहरू उत्पादन गर्ने भनेर विदेशी सहयोगसमेत ओइरिएको थियो । बहुदल आयो, जर्मनीजस्ता देशका योजना पनि तुहिए ।

बागमतीलाई लण्डन सहरको बीचको थेम्स नदीजस्तो पवित्र बनाउने योजना बनाइएको थियो, जनआन्दोलन र जनयुद्धको सिकार हुनपुग्यो । लोकतन्त्र आयो, बागमती आयोजना लूटको अखडा बन्नपुग्यो । राजनीतिक बर्गमा इच्छाशक्ति हुने हो भने अझै पनि तीन सहरका फोहर व्यवस्थापन गरेर बागमती, बिष्णुमतीजस्ता नदीहरूमा शुद्ध पानीको बहाव ल्याउन सकिन्छ । सत्तातिरमात्र हेर्ने नेता, भ्रष्टाचार रअपराधिकरणतिरमात्र लाग्ने दलहरू नसुध्रिएसम्म बागमती महामारीको किटाणुमा अभिशप्त भइरहनु पर्नेछ । यो महानगरकै अभिषाप हो ।

# आफ्नै परिश्रमबाट जीविकोपार्जनमा महिलाहरु

*मीना शर्मा*

जाँगर चलाउने हो भने पैसा कमाउनलाई विदेश जानु तथा कुनै ठूलो कार्यालयमा जागिर खानुपर्दैन, पहिचान गर्न सके काम र दाम यहीँ छ । काठमाडौंका विभिन्न सडकछेउमा ठेला-व्यापार गर्ने महिलाले आफ्नो परिश्रमबाट जीविकोपार्जन मात्र होइन बालबच्चालाई राम्रा विद्यालयमा समेत पढाउन सफल भएका छन् । ठेलामा चना-चटपटे बेच्ने मात्र होइन चिया, फलफूल, तरकारी तथा फुटपाथमा कपडा बेच्ने धेरै महिलाले परिवारको जिम्मेवारी सम्हालेका छन् । आफ्नो सानोतिनो व्यापारले कसैसँग हात फैलाउन नपर्ने, छोराछोरीको भविष्य पनि राम्रो हुने र औषधोपचारका लागि समेत आफ्नै कमाइले पुग्ने हुँदा खुसी छन् उनीहरु ।४० वर्षीया मीरा साहु ( हल्वाई ले ठेलामा चलाएको व्यापारले उनको जीवन राम्रोसँग चलेको छ । उनको ठेलामा दैनिक १० प्रकारका परिकारपाक्छन् । बिहान धेरैका आँखा नखुल्दै आफ्नो डेरा धोबीघाटबाट उनी जाउलाखेल पुगी परिकारहरु बनाउन सुरु गर्छिन् । सुरुमा नेपाल आउँदा केही समस्या भए पनि दैनिक काम गर्दै जाँदा आफूजस्ता महिलाले काम गरेको देखेर उनलाईकाम गर्ने जाँगर बढेको हो । दैनिक आठ सयको सामान खरिद गर्ने र परिकार बनाएर बेच्दा दैनिक तीन हजार आम्दानी हुने उनले बताइन् । केही महिनाअघि श्रीमान्को मृत्यु भएपछि उनले काम सम्हालेकी हुन् । व्यापार गर्ने ठाउँको भाडा र महिनाभरिको खर्च कटाएर १० देखि १५ हजारसम्मको बचत छ उनको । छोराछोरी कोही नभएकाले बुढेसकालका लागि पनि यही कमाइबाट बचत गर्नुपर्ने भएकाले यो कमाइ नै जीवन भएको उनी बताउँछिन् । बिरामी हुँदा या काम परेको समयमा नगर्न पनि मिल्ने तथा स्वतन्त्र रुपमा सञ्चालन गर्न पाइने भएकाले अरुकोमा काम गर्नुभन्दा आफ्नै व्यवसाय सजिलो लाग्ने उनले बताइन् । 'हातखुट्टा राम्रोसँग चल्नेले पनि माग्दै हिँड्छन्, मलाई त्यो मन पर्दैन । सानोतिनो काम गरेर जीविकोपार्जन गर्न सकिने हुनाले देशमा केही गर्न सके सबैलाई फाइदा हुन्छ,' उनी भन्छिन् । बिहान मर्निङवाकमा आउनेदेखि लिएर विद्यार्थी, कर्मचारी तथा कामका लागि हिँडेका सबैलाई उनले बनाएका परिकारको स्वादले लोभ्याएको छ । सफा र स्वादिष्ट खानाका कारण एकपटक आएको ग्राहक पटक-पटक आउने गरेको उनको भनाइ छ ।

पाँच वर्षदेखि म:म:को व्यापार गर्दै आएकी सिन्धुपाल्चोककी ३० वर्षीया सुनिता लामा पनि नौजनाको परिवार पालेर महिनामा १५ हजार बचत गर्छिन् । काठमाडौंको बसाइ, महँगी बढ्दै गएको छ, सबै कुरा किन्नुपर्छ तर पनि बिहानदेखि साँझसम्म खट्न सके राम्रै आम्दानी हुन्छ । विदेशमा रहेका उनका श्रीमान्को भन्दा राम्रो कमाइ भएको उनले बताइन् । म:म:को व्यापार सदाबहार एउटै रहेको बताउँदै उनी भन्छिन्, 'जाँगर चलाउनेलाई कहीँ पनि भोकै मर्नु पर्दैन । कामलाई सम्मान गर्न सके त्यसबाट आम्दानी राम्रो हुन्छ ।'

यस्तै ३५ वर्षीया सीता घिमिरेले पनि ठेला व्यापार सञ्चालन गरेको ६ वर्ष पुगेको छ । पाँच बच्चासहित सातजनाको परिवार पाल्नका लागि यस व्यापारले निकै सहयोग पुगेको छ । पाँच बच्चाको पढाइखर्च निजी विद्यालयमा पढ्ने साना बच्चादेखिलिएर क्याम्पस तहसम्म पढ्ने छोराछोरीको खर्च कटाएर महिनामा १० हजार बचत हुन्छ । पाल्पाबाट काठमाडौं पसेको उनको परिवारलाई खर्च धान्नका लागि सबैभन्दा उत्तम काम यही लाग्यो । जाँगर चलाउन सके १५/२० हजार खेलाउन विदेश गइरहनुपर्दैन । जागिरका लागि कसैलाई सिफारिस गरिरहनुभन्दा स्वाभिमानको यस्तो पेसाले सबैलाई फाइदा पुर्‍याउने उनको भनाइ छ । सानोतिनो काम देशमा गर्न लाज मान्दै ऋण खोजेर विदेश पुग्नेहरु दर्दनाक पीडा लिएर घर फर्केको देखेर बरू आफ्नो परिवारको साथ बसेर केही गरौँ भन्ने सोचले व्यापार सुरु गरेको उनले बताइन् । दिउँसो विद्यालय जाने तीनजना छोरीले बिहान- साँझ सहयोग गर्ने गर्छन् । २५ वर्षअघि दोलखाबाट काठमाडौं छिरेकी मिठु केसीले ठेलाको व्यापार गर्न थालेको २० वर्ष पुगेको छ । दैनिक दुईदेखितीन हजारसम्म आम्दानी गर्ने उनलाई पाँचजनाको परिवार पाल्न कुनै समस्या छैन । घरभाडामा, सम्पूर्ण सामान किन्नुपर्ने तथा छोराछोरीको पढाइखर्च कटाएर महिनामा १० हजार बचत गर्छिन् उनी । परिवार पाल्ने यो पेसा पनि सङ्कटमा पर्ने चिन्ता छ उनलाई । समयसमयमा फुटपाथ तथा सडकछेउका व्यापारलाई हटाउने भन्दै गरेको सरकारी निर्णयले आफ्नो रोजीरोटी नै सङ्कटमा पर्ने समस्या भने सबैका मनमा रहेको छ । तरकारी, चियानास्ता मात्र होइन ठेलामा चना( चटपटे बेच्ने जाँगरिला महिलाले पनि यो सहरमा राम्रो आम्दानी गरेका छन् । मकै, भटमास, चना, केराउलगायतका विभिन्न गेडागुडीको व्यापार लिएर सहरका विभिन्न स्थानमा घुम्ने ३८ वर्षीया दीपा बस्नेत हुन् या दोलखाकी मिठु दुःखअनुसारको आम्दानी गरिरहेकै छन् । सजिलो त कहाँ छ र ? यस प्रकारको व्यवसाय गर्ने महिलाहरु बिहान चार बजे नै उठ्छन् र सामग्री किन्नेदेखि बच्चाको रेखदेखसम्म भ्याउँछन् । 'पहिला विदेश जान्छु भन्ने सोच आयो, तर जाने पैसा पनि थिएन, बच्चाबच्ची पनि कहाँ राख्ने भन्ने समस्या भयो, अहिले त विदेशभन्दा राम्रो कमाइ यहीँ छ,' दीपा भन्छिन् । वास्तवमा कामको कमी कहीँ पनि छैन, त्यसलाई पहिचान र सम्मान गर्न सके जाँगर चलाउनेलाई जहाँ पनि काम र दाम दुवै छ ।

अर्थविद् केशव आचार्य भन्छन्- नेपाली अर्थतन्त्रको ठूलो हिस्सा महिलाले धानेका छन् । गाउँमा घरायसी तथा खेतीपातीको काम गरेर होस् वा सानोतिनो व्यापार-व्यवसाय चलाएर घरलाई व्यवस्थित रुपमा चलाउनका लागि महिलाले गरेको योगदानको मूल्याङ्कन गर्ने हो भने ठूलो छ । त्यस्तै सहरमा महिलाले ठेलामा तरकारी, चिया, खाजा र अन्य परिकार बेचेर सपरिवार गुजारा गरिरहेको कुरा सामान्यजस्तो लागे पनि यसले अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याइरहेको लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि राष्ट्रसङ्घीय निकाय यूएन वुमनकी कार्यक्रम विशेषज्ञ सरु जोशी बताउँछिन् । उनी भन्छिन्, 'यी महिलाले व्यापारसँगै घरव्यवहार र बालबच्चा हुर्काउने काम पनि गरेका छन् । उनीहरुको सबै श्रमको पैसामा हिसाब गर्ने हो भने अर्थतन्त्रमा ठूलो योगदान देखिनेछ, त्यसैले महिला हाउसवाइफ होइनन् गृह व्यवस्थापक हुन् । तर, यी गृह व्यवस्थापकको काम र मुलुकको अर्थतन्त्रमा तिनले पुर्‍याएको योगदानको मूल्याङ्कन भने हुन सकेको छैन ।' यसतिर राज्यले सोच्ने कहिलेदेखि ?


PURBANCHAL
GRAPHIC DESIGN

DESKTOP PUBLISHING — कम्प्युटर डिजाइनिङ
GRAPHIC DESIGN — ग्राफिक डिजाइनिङ
PHOTO SCANNING — फोटो स्क्यानिङ
LASER PRINT — लेजर प्रिन्ट
FLEXBOARD DESIGN — फ्लेक्सबोर्ड डिजाइन
ENGLISH/NEPALI TYPING — अंग्रेजी/नेपाली टाइपिङ
LOGO DESIGN — लोगो डिजाइनिङ
VISITING CARD — भिजिटिङ कार्ड
BANNER — ब्यानर
SIGN BOARD — साइनबोर्ड
GLOWSIGN BOARD
NYLON STAMP — नाइलन छाप
SCREEN PRINT — स्क्रिन प्रिन्ट
BILL PAD — बिल प्याड

ALL KINDS OF PRESS JOB

Bagbazar, Kathmandu (Yati Plaza)
Tel : 01-4218918, Mob. 9849-680659, 9849-259235





गाउँसम्म आयो नून, यसले लगायो धेरै गुन



**आयोडिनको कमीबाट हुने विकृतिहरू**

१. गर्भ तुहिने, मृत शिशु जन्मिने, अंगभंग भएको शिशु जन्मिने, जन्मेको शिशु चाँडै मर्न सक्ने ।
२. बच्चाहरू बहिरा, लाटा, लठेउरा, बामपुड्के, डेडो आदि हुन सक्ने ।
३. पढाइमा कमजोर भई पटक पटक फेल हुनुका साथै खेलकुदमा समेत पछाडि पर्न सक्ने ।
४. गलगाँड आउने, सुस्तमनस्थिति हुने ।
५. आयोडिनको कमीले क्षत्ता Level कम हुने ।
६. आयोडिनको कमी भएमा मानिसहरूमा आलस्यपन आउने, काम गर्न क्षमतामा कमी आउने ।
७. आयोडिनको कमीबाट गाईवस्तुले दूध कम दिने ।

आयोडिनको कमीबाट हुने विकृतिहरू उपचार गराउन हटाउन सकिँदैन । त्यस्ता विकृति आउन नदिन एकमात्र उपाय आजैदेखि आयोडिनयुक्त दुई बालबालिकाको चिन्ह अंकित

दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त पाकेटका नून सधै प्रयोग गर्नुहोस् ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय : पो.ब.नं. ४८३, कालिमाटी, काठमाडौं, नेपाल
फोन नं. : ४२७०३१५, ४२७१०१४, ४२७१२०८, फ्याक्स नं. : ९७७-१-४२७१७०४, ४२७१३९५

## पूर्व राजतन्त्रलाई...

उनको उपचार भएको थियो । यसपटकको हृदयघात गम्भीर प्रकृतिको भएको बताइएपनि अत्यन्तै साधानसम्पन्न अस्पतालमा भर्ना गरि एकाले पारस शाहलाई स्वास्थ्य लाभ हुने विश्वास गरिएको छ ।

## कमिशनका लगि...

राजदूत मार्फत् खरिदकर्ता खडा गरेर विक्रीको प्रबन्ध मिलाइरहेका छन् । यिनै स्रोतका अनुसार जर्मन र बेलायतको सम्पत्ति बेच्दा झण्डै २ खर्ब आउनसक्छ । २ अर्बको व्यापारको कमिशनमा नेताहरूले ऱ्याल चुहाइरहेका छन् ।

अब हेर्नुछ, यस सम्बन्धमा मुद्दा पर्छ कि पर्दैन ? नागरिक समाज बोल्छ बोल्दैन ? अधिकारकर्मीले राष्ट्राधिकार बारे के भन्छन् ? भ्रष्टाचारमा लिप्त नेताहरूले पेलेर सहमतिमा कमिशन बाँडेर खाने पो हुन कि ?

## कार्यकारी...

सुकुम्बासी घोषणा गर्ने निर्णय गराएकी थिइन । अन्य दलहरू र स्थानीय जनताको विरोधका कारण उक्त निर्णय कार्यान्वयन हुन नसकेपछि कार्यकारी अधिकृत अधिकारीले दलिय संयन्त्रका प्रतिनिधिहरूलाई यमीसँग नै भेटाएर निर्णय कार्यान्वयन गराएका थिए । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत काठमाडौं महानगरपालिका पर्ने भएपनि प्रधानमन्त्री पत्नीको दबाबमा स्थानीय विकासमन्त्री नारायणकाजी श्रेष्ठ मौन बसेका थिए । कार्यकारी अधिकृत अधिकारीले श्रेष्ठलाई टेर्न छाडेका र सिधै प्रधानमन्त्री र निजकी पत्नीसँग डिल गर्न थालेका हुनाले मन्त्री श्रेष्ठ चुप बसेका थिए । राजधानीमा दुई/दुई वटा घर भएकाहरूलाई समेत सुकुम्बासीमा दर्ज गरेर बालाजु उद्यान क्षेत्र ५० वर्षका लागि ठेक्कामा दिने निर्णय गराउन अधिकारीलाई लगाएकी थिईन । बालाजु क्षेत्रको ५७ घरधनीलाई जग्गा उपलब्ध गराउने निर्णय अधिकारीले गरेका थिए । यमीको दबाब पछि गत मंसिर ८ गते कार्यकारी अधिकृत अधिकारीले बोर्ड बैठक डाकेर महानगरका उपनिर्देशक बद्री खड्काको संयोजकत्जमा बहाला निर्धारण समिति समेत गठन गरेको थियो । यमीले प्रत्येक घरधनीलाई चार आनादेखि एक रोपनीसम्म जग्गा ५० वर्षका लागि उपलब्ध गराउन दबाब दिएको हुनाले त्यसैअनुरूप अधिकारी अगाडि बढेका थिए । बहाल निर्धारण समितिका संयोजक खड्का र जिल्ला प्रशासन कार्यालयका अधिकतृ, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि सदस्य रहेका थिए । उक्त बहाल निर्धारण समितिले बालाजु उद्यान क्षेत्र ठेक्कामा दिन उद्यान भासिने भएकाले ठक्कामा दिन नहुने प्रतिवेदन दिएको हुनाले बस्ती उठाउनु भन्दा उद्यान क्षेत्रबाटै बाटो खोल्नु कार्यकारी अधिकृत अधिकारी अग्रसर भएका थिए ।

यस अधिका काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत गणेश राईले बालाजु उद्यान क्षेत्र ठेक्कामा दिने निर्णय गर्दा प्रधानमन्त्री भट्टराईले राईमाथि कारबाही गरी त्यहाँबाट सरूवा गरेका थिए । यसरी एउटा सकारी कर्मचारीले एक व्यक्तिको हतिलाई हेरेरै १ यस ६० रोपनी जग्गा घर भएका व्यक्तिलाई सुकुम्बासीको नक्कली दर्ज गरे वितरण गर्दा समेत अधिकारी माथि कारबाही नहुनुले भट्टराई सरकार कति भ्रष्ट रहेन भनि प्रमाणित हुँदै भएको छ ।

## भट्टराई सरकारद्वारा..

मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ । भट्टराईलाई प्रधानमन्त्री बनाउन र उनलाई भारतीय सहयोगमा १८ महिनासम्म टिकाइ राख्न नेपाली सेनाका प्रधानसेनापति गौरवशमशेर राणाको सहयोग भएकोले नै भट्टराईले जाँदा जाँदै सेनापति राणालाई खुशी पार्नेका लागि ३ अर्ब रुपैयाँ दिने निर्णय गराएको मन्त्रिपरिषद् सुत्रले दाबी गरेको छ ।

भट्टराई सरकारले सार्वजनिक खरिद ऐनको उल्लंघन गर्दै पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन चिनियाँ कम्पनीलाई विना प्रतिस्पर्धा दिने निर्णय समेत गरेको छ । अन्तर्राष्ट्रिय विमानस्थानको लागत नागरिक उड्डयन प्राधिकरणले गरेको भरमै चिनियाँ कम्पनीलाई दिने निर्णय गरिएको छ । सर्वाजनिक खरिद ऐने अनुसार १० लाखभन्दा माथिका खरिद र ठेक्कापट्टा विना प्रतिस्पर्धा कसैलाई दिन नमिल्ने व्यवस्था भए पनि चिनियाँहरूलाई खुशी पार्नेका लागि उक्त निर्णय गरिएको हो । करिब १६ अर्बभन्दा बढीको काम विना प्रतिस्पर्धा चिनियाँ कम्पनीलाई दिएको हुनाले त्यहाँ पनि कमिशनको ठूलो खेल भएको अनुमान सिजलै गर्न सकिन्छ ।

डा.बाबुराम भट्टराईले आफ्नो पार्टी निकटका धेरै संस्था ठूलो मात्रामा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेर राज्य कोषमा ब्रम्हलुट नै मच्चाएका छन् । आफ्नै पार्टी निकट रहेको विपन्न नागरिक कल्याणकोषलाई ५ करोड र उपेक्षित तथा उत्पीडित दलित वर्गका उत्थान समितिलाई ४ लाख दिने निर्णय गर्नुका साथै दलित आयोगका अध्यक्ष र सदस्यहरूलाई ४ लाख ५९ हजार आर्थिक सहायता दिने निर्णय समेत गरेर राज्यकोष माथि नाङ्गो हस्तक्षेप गरेका छन् । आयोगका पदाधिकारीहरूको मासिक तलबभत्ता लगायत गाडी सुविधा समेत पाउदै आएका छन् । केही दिन अघिमात्र भट्टराईले आफैं अध्यक्ष रहेको एक संस्थालाई ६० लाख अनुदान दिने निर्णय गरेका थिए । त्यसैगरी चलचित्र विकास समिति विकास कोषलाई ५० लाख, घनश्याम ढकाल सहिद प्रतिष्ठानलाई ५० लाख र एकीकृत नेकपा माओवादीका स्थानीय कार्यकर्ताद्वारा सञ्चालित पोखरास्थित सहित मेमोरियल अस्पताललाई सार्वजनिक र व्यक्तिगत जग्गा समेत भोग चलन गर्न पाउने निर्णय गरेको हुनाले स्थानीय बासिन्दाहरू व्यक्तिगत जग्गा सरकारले निर्णय गरेर बाँड्न नपाउने भन्दै संघर्षमा उत्रने भएका छन् । यसरी भट्टराई सरकारले राज्यकोष माथि ब्रम्हलुट मच्चाएको हुनाले भट्टराई सरकारले गरेका गैरकानुनी निर्णयहरु बदर गर्न सरकारले हिम्मत गर्नुपर्ने आवाज समेत उठ्न थालेको छ ।

## उपसचिवले...

राजनीतिको पर्दा उघारे नेकपा-माओवादीका वैद्यले ।

वैद्यका अनुसार प्रधानन्यायाधीशको नेतृत्वमा गठन गरिने सरकार विदेशी इशारामा हो । विदेशी इशारामा बनेको सरकार मान्ने छैन । यस्तो सरकारले गराउने चुनावमा भाग लिन्नौं । प्रचण्डको चुनावी सरकारको फर्मुलाको उत्पादन कपडा उत्पादन गर्ने हेटौंडा कपडा कारखानामा भएको हो । यही कारखानामा महाधिवेशन भएको थियो । महाधिवेशनका पारित प्रस्तावहरू पनि त इशाराकै प्रतिफल होला नि ?

## लोकनेताका..

कमिशन बाँड्न सक्छन्, अरू केही गर्न सक्दैनन् । चुनावपछि चलाउने यिनै नेताले हो । कस्तो सरकार चलाउलान्, यिनको ह्याउ र दाउ देखिएन र ?

पहिले राजनीतिक नेतृत्वमा चुनावी सरकार भन्ने अहिले प्रधानन्यायाधीश भएपनि हुन्छ भन्ने । कसरी हरिया दाँत देखाएका ?

## यस्तो हुनुमा..

दलहरूले प्रधानन्यायाधीशलाई 'पदोन्नती' गरेर प्रधानमन्त्री बनाउने कुरामा सहमति जनाएका हुन् भन्ने विचार राख्नेहरू पनि उल्लेख्य रुपमा छन् । तर पनि यो कारण बाहेक मुलुकलाई एमाओवादीको विर्ता भैँ बनाउने कार्यमा सघाउने ती राष्ट्रपति अनि यी प्रमुख दलहरू यसरी प्रस्तुत हुनुमा बाह्य प्रभावभन्दा पनि आ-आफ्नो 'कमजोरी'का कारणले हो भनेर ठोकुवाका साथ भन्न सकिन्छ ।

अब अहिले राष्ट्रपतिको पदमा कुनै हैसियत नभएका र आमनेपाली जनता मध्ये कतिपयले नचिनेका र साथ नपाएका व्यक्ति हुन भने शक्तिशाली विपक्षी (एमाओवादीको)हरूले त आफ्नो नीति, सिद्धान्त, धर्मलाई छाडेर एमाओवादी कहाँ 'त्वमशरणम' गर्न गएको त छ वर्ष भइसकेको छ । यसकारणले पनि हो, मुलुक अहिले एमाओवादीमय भएको !! ...त्यसकारणले पनि हो राष्ट्रपतिदेखि लिएर कांग्रेस, एमाले, मधेशवादी आदि-इत्यादी सबैले एमाओवादीको प्रत्येक प्रस्तावहरूमा सही छाप ठोक्दै जानु परेको । अर्काको एजेण्डा (गणतन्त्र र धर्मनिरपेक्षता) समाती समेपछि जनतासामु कसरी जाने ? फेरि आफुहरूले भखेरै आव्हान गरेको वर्तमान सरकारविरूद्धको कथित आन्दोलनको हविगत पनि देखिइसकियो !! ...जनताले कत्तिको साथ दिए ? त्यसको आँकलन पनि गरिइसकियो । ...अनि एमाओवादीको पछि लाग्नु बाहेक अरू विकल्प बाँकी नै के छ र ? अब फेरि राष्ट्रपतिको चर्चा गर्दा, कांग्रेसमित्र तेस्रो, चौथो वरियतामा पर्ने र सधैं आफ्ना नेताहरूको 'जी हजुरी' गरेर जिन्दगी बिताएका ती रामवरणले कडा र प्रभावशाली रूपमा प्रस्तुत भएर अन्तरिम संविधानको मर्म र भावना अनि यहाँका प्रमुख दलमा दरिएका अन्य राजनीतिक दलहरूको इच्छा र आकांक्षालाई समातेर अगाडि बढ्नका लागि न त डा.बाबुरामको सरकारलाई, न त सत्तारूढ पार्टीहरूलाई निर्देशन दिन सके । अरू कुरा त छाडौं, आफ्नो 'हित र चित' चिताउने र मिल्ने कांग्रेस र एमालेका हरूलाई पनि तिनले साथ र समर्थन दिन सकेनन् । सधैं दलहरूलाई आफ्नो कार्यालयमा बोलायो, तिनको आश्वासन सुन्यो, ...अनि फर्कायो । यसरी नै मुलुकले नौ महिना बेकारमा बित्यो, गएको मंसीरसम्म प्रधानमन्त्रीले 'चुनाव गराउँछु' भनेर दिएको आश्वासनमा ती राष्ट्रपति भुले । त्यसपछि प्रमुख चार दलको 'चाँडै नै सहमति भएर राष्ट्रिय सरकार गठन हुन्छ' भन्ने 'कथा'मा ती राष्ट्रपति चिप्लिए भने अब अहिले प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने जस्तो गैरसंवैधानिक र गैरव्यवहारिक काममा बहकिँदैछन् । फेरि पनि भन्नु पर्ने हुन्छ कि, व्यक्तित्वका प्रभावले पनि ठूलो काम गर्छ भनेर । ...बोल्न नसक्ने, भनाईलाई लागू गराउन नसक्ने, ...अनि अरूले जे भन्यो त्यसलाई चुपचाप सहने र, मान्ने ...अहिलेका हाम्रा राष्ट्रपतिको देखिएको क्रियाकलाप यत्ति हो ? अब यस्तो बुझिसकेपछि पनि कसैलाई लाग्छ कि यस्तो चालले यो मुलुक सुध्रिन्छ भन्ने ? ती राष्ट्रपति असहाय, विपक्षीहरू निर्बल अनि सत्तारूढ एमाओवादी र मधेसीहरू बेलगाम !! यस्तो परिस्थितिमा यो 'लोकतन्त्र' नामको 'कथित व्यवस्था' ले कतिन्जेल 'काम' गर्न सक्ला ? शंकै छ ।

# हेलो नेपालका टावर ध्वस्त

दाङ । नेपाल स्याटलाइट टेलिकम हेलो नेपालको मूख्यालयबाट विस्तारित सम्पूर्णहरू टावर बुधबारदेखि पूर्णतः निष्क्रय भएका छन् । अखिल नेपाल क्रान्तिकारी सञ्चार छापाखाना र प्रकाशन मजदुर संघको घोषित संघर्षको कार्यक्रम अन्तर्गत संघका कार्यकर्ताहरूले बुधबार दिउँसो ३ वटा मेन लाइन नै काटिदिएपछि अन्य सहायक टावरहरू पनि निष्क्रय भएका छन् । जसका कारण सल्यान, रोल्पा, जाजरकोट, सुर्खेत, बाँके, दैलेख, रूकुम, प्युठान, बर्दिया, कालिकोटको हेलो नेपालको टेलिफोन पूर्णतः अवरूद्ध भएको छ ।

नेपाल स्याटलाइट टेलिकम हेलो नेपालले ८७ जना कर्मचारीलाई जबर्जस्ती निष्काशन गरेपछि गत पुसको अन्तिम सातादेखि अखिल नेपाल क्रान्तिकारी अखिल नेपाल क्रान्तिकारी सञ्चार छापाखाना र प्रकाशन मजदुर संघ हेलो नेपाल इकाई कमिटीले संघर्षका कार्यक्रम घोषणा गरेको थियो । हेलो नेपालका मालिक अजय सुमार्गीले माग सुनुवाई गर्नुको सट्टा उल्टै धम्की दिने र कुनै हालतमा पुनर्वहाली नगर्ने अडान लिएपछि मजदुरहरूले कडा कार्यक्रम घोषणा गर्दै टावर निष्क्रय बनाएका हुन् । शान्तिपूर्ण रुपमा दुई चरणका कार्यक्रम सम्पन्न भइसक्दा पनि निष्काशित कर्मचारीलाई पुनर्वहाली गर्ने सवालमा व्यवस्थापन पक्षले कुनै वास्ता नगरेपछि तेस्रो चरणको संघर्षका कायुक्रम अन्तर्गत हेलो नेपालका सम्पूर्ण टावर निष्क्रय बनाएको अखिल नेपाल क्रान्तिकारी सञ्चार छापाखाना र प्रकाशन मजदुर संघले जनाएको छ ।

निष्क्रय भएका टावरहरूमा दाङस्थित घोराईबाट वितरित ३ वटा मूख्य टावरहरूमा सल्यानस्थित कपुरकोटको टावर, लमहीस्थित दुरविन डाँडाको टावर र नेपालगंजस्थित खासखुसमाको टावर निष्क्रय भएको छ । सल्यानस्थित कुपरकोटको टावरबाट सल्यानक निगालचुला, जाजरकोटको खलंगा, सुर्खेतको आगरीगाउँ र रोल्पाको राङसीमा रहेका सहायक टावर पनि स्वतः निष्क्रय भएका छन् । त्यस्तै लमहीस्थित दुरबिन डाँडाको मुख्य टावरबाट वितरित लमहीकै लोहारपानी, प्युठानको खुङ्गा, खलंगा, लमहीकै चौलाईबजारमा जडान गरिएका सहायक टावरहरू पनि पूर्णतः निष्क्रय भएका छन् । उता नेपालगंजस्थित राजाकोटको खासखुसमा टावर निष्क्रय हुँदा नेपालगंजकै हर्रे टावर, बर्दियाको गुलरिया, बाँकेको मोतिपुर, सुर्खेतको विरेन्द्रनगर, दैलेखको रानीमतागडी, दैलेखकै पाँचवटा अन्य टावर सुर्खेतको गडी र कालिकोटको रूप्सास्थित टावरहरू पनि निष्क्रय भएका छन् ।

माग समयमै पुरा नभए अझ कडा कार्यक्रम लगत्तै घोषणा गर्ने बताउँदै संघले अहिलेसम्म अपनाएको संयमतालाई कमजोरी बुझ्ने व्यवस्थापनको रवैयाले यो खालको कार्यक्रम गर्न बाध्य भएको बताएको छ ।

एक्काइसौं शताब्दीमा नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हातमा छ । त्यसैले हामीमा भएको अपार क्षमतालाई खेर नफालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार